# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २१७ | काठमाडौं | आइतबार, २१ मंसिर २०८२ | Prabhab National Daily | Sunday, 07 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## निर्वाचन हुनेमा दलहरू अझै देखिएनन् ढुक्क

■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुन २१ गते तोकिएको निर्वाचन हुनेमा दलहरू सशंकित देखिएका छन् । नेपाली कांग्रेसले निर्वाचन नहुने अनुमान गर्दै आफ्नो केन्द्रीय महाधिवेशनको कार्यतालिका ल्याएको छ । केन्द्रीय समितिमा लामो समय छलफलपछि निर्वाचनको वातावरण बनिनसकेकोले महाधिवेशन गर्न कांग्रेस नेताहरू तयार भएका थिए ।

कांग्रेसले निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गरे पनि निर्वाचनका कार्यक्रमहरू अघि सारेको छैन । यतिबेला कांग्रेसले आफ्नो पार्टी कार्यालयहरू बनाउने र पार्टीका नेता कार्यकर्ताबाट लेबी उठाउने काम थालेको छ । यता नेकपा एमाले अझै पनि निर्वाचनप्रति विश्वस्त देखिएको छैन ।

शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भेट्दा निर्वाचन हुने सम्भावना नदेखिएको बताएका एमाले अध्यक्ष केपी ओलीले शनिबार पनि निर्वाचन हुनै नसक्ने ठोकुवा गरे । 'फागुन २१ मा चुनाव हुँदैन, हामीलाई थाहा छ । तर हामी चुनाव पर्खिरहेका छौं । जहिले चुनाव हुन्छ, म सबैले सुन्नेगरी भन्न चाहन्छु-अबको चुनावबाट आउने सरकार नेकपा एमालेको हो । तिनै पुराना पार्टी आउने हो भनेर भन्छन् । अरु आउँछन आउँदैनन् म जान्दिन तर एमाले आयो आयो,' ओलीले भने ।



फागुन २१ मा चुनाव हुँदैन, हामीलाई थाहा छ । तर हामी चुनाव पर्खिरहेका छौं

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**



जेनजी प्रदर्शनपछि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार निर्वाचनका लागि चुनौती हुनसक्ने कुरा सरकारलाई अवगत गराइसकेका छौं । सरकारले समयमै त्यस्ता आपराधिक गतिविधि नियन्त्रण गर्नुपर्छ

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

सभामुख देवराज घिमिरेले पनि निर्वाचनको विषयलाई लिएर दलहरूबीच अविश्वास बढेको बताएका छन् । वीरता जेसिज विर्तामोडको आयोजनामा शनिबार यहाँ आयोजित 'संकटपछि देशको अर्थतन्त्रः अवसर र चुनौती' विषयक कार्यक्रममा घिमिरेले सुरक्षालगायत कारणले निर्धारित समयमा निर्वाचन हुनेमा शंकासमेत रहेको बताए ।

सभामुख घिमिरेले मुलुकमा राजस्व संकलन कमजोर हुँदा सामान्य खर्च धान्न पनि सरकारले ऋण लिनुपर्ने अवस्था आएको भन्दै यस्तो बेला निजी क्षेत्रलाई विश्वासमा लिनसक्नुपर्ने धारणा राखे । 'मुलुकमा अराजक गतिविधि बढ्दै जाँदा निजी क्षेत्र लगानी गर्न हिचकिचाइरहेको समय छ । सुरक्षाका कारण मनोबल कमजोर भएको छ, त्यसैले निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउन लाग्नुपर्छ', घिमिरेले भने ।

शनिबार सर्लाही पुगेका कांग्रेस महामन्त्री गगन थापाले पनि निर्वाचनका लागि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार चुनौती बन्न सक्ने बताएका छन् । 'हामी फागुन २१ को निर्वाचनप्रति पूर्ण प्रतिबद्ध छौं । अन्य दलहरू पनि तयार भइसकेकाले सरकारले सम्पूर्ण संशय हटाएर निर्वाचन गराउने गरी अघि बढ्नुपर्छ ।

क्रमशः पृष्ठ २ मा

## मधेसबाट कांग्रेससँग नजिकिँदै दाहाल

### अरू प्रदेशमा बन्ला नयाँ समीकरण ?

केही वर्षदेखिको तथाकथित समीकरण टुटिएको छ र नयाँ समीकरणको सुरूवात पनि मधेसबाटै भएको छ

■ **पुष्पकमल दाहाल**
**संयोजक, नेपाली कम्युनिस्ट पार्टी**

उहाँ (दाहाल)ले जे भन्नुभयो मधेस पुगेर, त्यस्तो हुँदैन । अन्य प्रदेशहरूमा रहेको सत्ता गठबन्धनमा तलमाथि हुँदैन, कांग्रेस त्यो चाहँदैन । मधेसको सत्ता गठबन्धन विशिष्ट परिस्थितिमा बनेको हो

■ **भीष्मराज आङ्देम्बे**
**सहमहामन्त्री, नेपाली कांग्रेस**

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहालले मधेसमाजस्तै नयाँ सत्ता समीकरण देशको अन्य प्रदेशहरूमा बन्ने दाबी गरेका छन् ।

मधेसमा पहिलोपटक शुक्रबार नेपाली कांग्रेस नेतृत्वको सरकार बन्यो, जहाँ जनता समाजवादी पार्टी (जसपा) नेपाल, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनमत पार्टी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टी सत्ता गठबन्धनमा छन् ।



यिनै दलहरू सहभागी भएर अन्य प्रदेशहरूमा पनि सरकार गठन गर्ने दाहालले बताएका हुन् । उनले मधेसमा बनेको सत्ता गठबन्धनलाई ऐतिहासिक मोडको रूपमा समेत व्याख्या गरे । उनको यो अभिव्यक्तिले एमालेलाई प्रदेशहरूमा सत्ताच्युत गर्ने स्पष्ट पार्दछ । कांग्रेस, जसपा नेपाल, जसपा, जनमत, नाउपा र लोसपालाई अन्य प्रदेशहरू पनि मधेसमा जसरी सत्ता गठबन्धन बनाउन हौस्याएका हुन् ।

हाल एमाले नेतृत्वमा कोशी, लुम्बिनी र कर्णालीमा सरकार छ । गत भदौ २३ र २४ को जेन-जी विद्रोहले कांग्रेस समर्थित एमाले नेतृत्वको केन्द्र सरकार ढालिदियो । शनिबार नेकपा अध्यक्ष दाहालले एमालेलाई फेरि प्रदेशहरूको सत्ताबाट अलग पार्ने संकेत गरेका हुन् ।

उनले मधेसको राजधानी जनकपुरको गाछी पुगेर भने, ' मधेसले अहिले भर्खरै पनि परम्परागत, तथाकथित पक्षलाई पछाडि पारेर नयाँ राजनीतिक संकेत दिएको छ । मधेस सरकारले नेपाली कम्युनिस्ट पार्टी, मधेसकेन्द्रित दलहरू र नेपाली कांग्रेससम्मसँग मिलेर नयाँ सरकार बनाएको । केही वर्षदेखिको तथाकथित समीकरण टुटिएको छ र नयाँ समीकरणको सुरुवात पनि मधेसबाटै भएको छ ।'

नेकपा संयोजक दाहालले एमालेलाई प्रदेशहरूको विपक्षी बेन्चमा पुर्‍याउन चाहेको डेढ वर्षदेखि हो । एमाले सत्तामा आएको दाहाललाई रुचिकर लाग्दैन । त्यही भएर कांग्रेसलाई एमालेसँगको गठबन्धनबाट अलग गर्न विगतमा भरमग्दुर प्रयास गरे । तर, सभापति देउवाले उनलाई 'अविश्वाशिला राजनीतिक खेलाडी'को रूपमा लिए । प्रधानमन्त्रीमा समर्थन गर्ने उनको प्रस्तावसमेतलाई देउवाले स्वीकारेनन् । तर, मधेसमा शुक्रबार कांग्रेसकै कृष्ण यादवको नेतृत्वमा सरकार गठन भएपछि दाहाल देउवासँगको सत्ता सहकार्यको थालनी भएको अर्थमा खुसी देखिएका हुन् ।

तर, कांग्रेसले मधेसमा बनेको नेकपासहित साना दलहरू सम्मिलित नयाँ सत्ता गठबन्धन बन्नुलाई 'विशिष्ट परिस्थितिको उपज' मानेको छ । यो अन्य प्रदेशहरूमा पनि मधेसको जस्तै सत्ता गठबन्धन बन्छ भन्ने दाहालको दाबीको खारेजी पनि हो ।

'उहाँ (दाहाल)ले जे भन्नुभयो मधेस पुगेर, त्यस्तो हुँदैन । अन्य प्रदेशहरूमा रहेको सत्ता गठबन्धनमा तलमाथि हुँदैन, कांग्रेस त्यो चाहँदैन,' कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले प्रभावसँग भने, 'मधेसको सत्ता गठबन्धन विशिष्ट परिस्थितिमा बनेको हो ।' यसअघि मधेसमा एमालेको सरकार थियो ।


क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## खाडी मुलुकमा कार्यरत कामदारको अवस्था सुधार्न आइएलओको परामर्श शृंखला

- जिसिसी साझेदारहरूसँग दिगो सहकार्य गरेर नेपाली श्रमिकहरूले विदेशमा पाउने अधिकारमार्फत उनीहरू र परिवारका लागि वास्तविक सामाजिक सुरक्षा सुनिश्चित गर्ने आधार तयार पार्नुपर्नेमा नेपालका लागि आइएलओका निर्देशक नुमान ओजकानको जोड
- नेपालमा गर्न लागिएको कार्यक्रम सामाजिक सुरक्षालाई पुनर्विचार गर्ने ठूलो क्षेत्रीय प्रयासको हिस्सा भएको कार्यक्रमकी प्राविधिक अधिकृत कारिना लेभिनाको भनाइ
- घरेलु तथा हेरचाह क्षेत्रका आप्रवासी श्रमिकहरूको अवस्थामा तुरून्त ध्यान दिन आवश्यक रहेको सरोकारवालाहरूको माग

■ प्रभाव संवाददाता



आइएलओ नेपालको फेसबुक पेजबाट साभार गरिएको तस्बिर

**काठमाडौं–** अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)ले खाडी मुलुकमा कार्यरत कामदारको अवस्था सुधार गर्न परामर्श शृंखला सुरु गरेको छ । नयाँ कार्यक्रम नेपालमा सामाजिक सुरक्षा सुदृढ पार्न, निष्पक्ष भर्ती प्रवर्द्धन गर्न र गल्फ कोअपरेसन काउन्सिल (जिसिसी) अन्तर्गतका देशहरूमा कार्यरत लाखौं नेपाली श्रमिकहरूको अवस्था सुधार्नमा लक्षित हुने जनाइएको छ । यो पहलले आप्रवासन चक्रअन्तर्गतको गन्तव्य मुलुक प्रस्थान, विदेशमा रोजगारी र स्वदेश फिर्तीपछिको पुनःएकीकरणसम्मको खाडललाई हटाउने प्रयास गर्ने विश्वास गरिएको छ ।

करिब ४५ लाख नेपाली आप्रवासी श्रमिकमध्ये अधिकांश खाडी मुलुकहरूमा काम गर्छन् । प्रत्येक वर्ष खर्बौं विप्रेषण (रेमिटचान्स) भित्र्याउने श्रमिकहरू शोषणकारी भर्ती अभ्यासहरू, असुरक्षित बसोबास तथा काम गर्ने अवस्था, सामाजिक सुरक्षा प्रणालीबाट वञ्चित हुनुका साथै न्यायमा पनि सीमित पहुँचका भएको जनाइएको छ । नेपालभित्रको नीतिगत सुधार र खाडी मुलुकहरूमा सामाजिक सुरक्षा प्रणालीको विकास भए पनि आइएलओको सर्वेक्षणले नेपाली श्रमिकहरूको सामाजिक सुरक्षामा पहुँचको अवस्थामा धेरै संरचनात्मक खाडलहरू औंल्याएको छ । विशेषगरी महिला श्रमिक र कम तलब पाउने श्रमिकका लागि सुरक्षा पहुँच सीमित भएको जनाइएको छ । यसमा धेरैजसो घरेलु र हेरचाह क्षेत्रमा काम गर्नेहरू रहेको आइएलओको दाबी छ । यी क्षेत्रमा उच्च असुरक्षा र श्रमअधिकारको अवस्था कमजोर भएको जनाइएको छ ।

आफ्ना रणनीतिहरू निर्धारण गर्नका लागि आइएलओले नेपालका राष्ट्रिय सरोकारवालासँग परामर्श गरेको छ । जसमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोष, ट्रेड युनियन र नागरिक समाज, प्रवासीसम्बद्ध नेटवर्कहरू र अधिकार समूहहरू रहेका छन् ।

सरोकारवालाहरूले सामाजिक सुरक्षा कोष र कल्याण कार्यक्रममार्फत वैदेशिक रोजगारीमा रहेका कामदारहरूको संरक्षणमा नेपालको उल्लेखनीय प्रयास गरेको जनाएका छन् । यद्यपि, गन्तव्य मुलुकमा आर्जन गरेका लाभबाट आफ्नो घरको वित्तीय सुरक्षा सुनिश्चित गर्नका लागि अझ बलियो समन्वय, सुव्यवस्थित उपायहरू र जिसिसी देशका सरकारहरूसँगको विस्तारित समन्वय आवश्यक रहेकोमा उनीहरूले जोड दिएका थिए ।

क्रमशः पृष्ठ २ मा

## धादिङको चालिसेमा सात वटा सवारीसाधन ठोक्किँदा ३५ जना घाइते



**चितवनको स्कुल बसमा सवार २५ जना, गोरखाबाट काठमाडौंतर्फ जाँदै गरेको बसमा सवार आठ जना, मोटरसाइकलमा सवार एक जना र डिब्बा गाडीमा सवार एक जना घाइते**

**काठमाडौं–** शनिबार पृथ्वी राजमार्गअन्तर्गत धादिङको धुनिबेँसी नगरपालिका-६ चालिसेमा भएको दुर्घटनामा ३५ जना घाइते भएका छन् । सात वटा सवारीसाधन आपसमा ठोक्किँएर भएको दुर्घटनामा चार वटा सवारीसाधनका ३५ जना घाइते भएका हुन् ।

दुर्घटनामा परेका सबैको स्थानीय अस्पताल र काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिए । काठमाडौंबाट गजुरी जाँदै गरेको बा प्र००१ क ००११ नम्बरको स्कुल बस, एनएल ०१ बिए ४६५४ नम्बरको गाडी (डिब्बा), ना ४ ख ७१५ नम्बरको ट्रक, लु ९५ प ३०७ नम्बरको मोटरसाइकल, जिजे ०३ ए के ३२३१ नम्बरको बस र काठमाडौं जाँदै गरेको ग १ ख ८५५१ नम्बरको बस, बा १ प ९१७ नम्बरको पर्यटक बस दूर्घटनामा परेको थिए ।

शनिबार अपराह्न सवा ४ बजे मूल सडकमा सात वटा सवारी साधन आपसमा ठोक्किएर एक थुप्रो भएका थिए । डिएसपी प्रकाश दाहालका अनुसार काठमाडौंबाट जाँदै गरेको एनएल ०१ एबी ४६५४ नम्बरको डिब्बा कन्टेनरको ब्रेक फेल भएपछि त्यसले अरू सवारी साधनलाई ठक्कर दिएको थियो ।

यसरी एउटा डिब्बा कन्टेनर, एउटा ट्रक, चारवटा बस र एउटा मोटरसाइकल दुर्घटनामा परेका छन् । त्यतिबेला काठमाडौंबाट गजुरीतर्फ जाँदै गरेको एउटा डिब्बा कन्टेनरले सुरूमा बागमती प्रदेश ००१ क ००११ नम्बरको स्कुल बसलाई ठक्कर दिएको थियो ।

क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट क्रमश:**

## अरू प्रदेशमा...

त्यसविरुद्ध नवगठित सत्तागठबन्धनमा रहेका दलहरूले कानुनी र राजनीतिक दुवै चुनौती दिए । अन्तत: एमाले सरकार ढल्यो । लगत्तै सात दलले सरकार गठन गरेका हुन् । यसलाई दाहालले देशको अन्य प्रदेशसत्ताबाट एमालेलाई च्युत पार्न सहकार्य गर्ने मौकाको रूपमा लिएको देखिएको छ । के दाहालले चाहेजस्तै गठबन्धन बने कहाँ कहाँ सरकार बन्छ ? हेरौं ।

### कोशी

एमालेका हिक्मत कार्की मुख्यमन्त्री रहेको कोशी सरकारमा कांग्रेस सहभागी छ । ९३ सदस्यीय प्रदेश संसद्मा बहुमतका लागि ४७ सिट आवश्यक हुन्छ । त्यहाँ कांग्रेसका २९ जना, नेपाली कम्युनिस्ट पार्टीका १७ जना र जसपा नेपालका एक जना सांसद छन् । यो भनेको झिनो बहुमत हो । अर्थात् मधेसको सत्ता गठबन्धनमा रहेका दलहरूले चाहेको अवस्थामा कोशीमा सरकार गठन गर्न सक्ने देखिएको छ । त्यहाँ एमालेका ४० जना र राप्रपाका ६ जना सांसद छन् ।

### बागमती

११० जना सांसद रहेको बागमती प्रदेश संसद्बाट सरकार गठन गर्न ५६ जना सांसदको समर्थन चाहिन्छ । त्यहाँ कांग्रेसको ३७ जना र नेकपाको २८ जना सांसद छन् । यी दुई दलको सांसद संख्या ६५ हो । यो भनेको स्पष्ट बहुमत हो । त्यसो हुँदा दाहालले भनेजस्तो मधेसको सत्तागठबन्धनमा रहेका दलहरूले चाहे बागमतीमा पनि सरकार गठन गर्न सक्छन् । उसो त त्यहाँ हाल कांग्रेसकै इन्द्र बानियाँ नेतृत्वको एमाले समर्थित सरकरा छ । त्यहाँ एमालेको २७ जना, राप्रपाको १३ जना, नेमकिपाको ३ जना र हाम्रो नेपाली पार्टीका २ जना सांसद छन् ।

### गण्डकी

कांग्रेसकै सुरेन्द्रराज पाण्डे नेतृत्वको गण्डकी सरकारमा एमालेलाई पाखा लगाएर पनि सरकार गठन गर्न सकिने अंकगणित छ । त्यहाँ सरकार गठन गर्न ३१ सांसद चाहिन्छ, जहाँ कांग्रेसका २७ र नेकपाका ७ जना जोड्दा ३४ सांसद पुग्छन् । यो स्पष्ट बहुमत हो । गण्डकीमा एमालेका २२ जना र राप्रपाका २ जना सांसद छन् ।

### लुम्बिनी

एमालेका चेतनारायण आचार्य मुख्यमन्त्री रहेको लुम्बिनी प्रदेशमा पनि मधेसको गठबन्धनमा रहेका दलहरूले सरकार गठन गर्न सक्ने देखिएको छ । ८७ सदस्यीय प्रदेश संसद्मा सरकार गठनका लागि ४४ सांसदको समर्थन चाहिन्छ । त्यहाँ कांग्रेसका २७ जना, नेकपाका १२ जना, नाउपा ४ जना, जनमत र लोससमा ३/३ जना, जसपा २ जना र जसपा १ जना गरी ५० जना सांसद छन् । यो भनेको सरकार गठनका लागि भारी बहुमत हो । त्यहाँ एमालेको २९ जना, राप्रपाको चार जना, जनमोर्चाको १ जना र स्वतन्त्र एक जना सांसद छन् ।

### कर्णाली

एमालेका यामलाल कँडेल मुख्यमन्त्री रहेको कर्णालीमा सरकार गठन गर्नुपरे बहुमत सांसद संख्या २१ हो । त्यहाँ एमाले र नेकपाको समान १४ /१४ सांसद छन् । दुवै दलको जोड्दा २८ जना सांसद पुग्छ । यो सरकार गठनका लागि दुई तिहाइ बहुमत हो । त्यहाँ एमालेको १० र राप्रपाको १ तथा स्वतन्त्र १ सांसद छन् ।

### सुदूरपश्चिम

कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री रहेको सुदूरपश्चिम प्रदेशमा पनि दुई तिहाइ पुग्ने देखिएको छ । त्यहाँ नेकपाको १८ जना, कांग्रेसको १४ जना र नाउपाको ७ जना सांसद छन् । यी तीन दलको सांसद संख्या ३९ जना हो । जबकि, सरकार गठनका लागि बहुमत ३२ भए पुग्छ । प्रदेशमा एमालेको ११ जना, राप्रपाको र स्वतन्त्र १/१ जना छन् ।

■■■

## निर्वाचन...

जेनजी प्रदर्शनपछि फरार रहेका कैदीबन्दी र लुटिएका हतियार निर्वाचनका लागि चुनौती हुनसक्ने कुरा सरकारलाई अवगत गराइसकेका छौं । सरकारले समयमै त्यस्ता आपराधिक गतिविधि नियन्त्रण गर्नुपर्छ,' थापाले भने । कांग्रेसले १५औं महाधिवेशन र निर्वाचनको तयारी सँगसँगै अगाडि बढाइएको थापाको भनाई थियो ।

### निर्वाचन आयोगद्वारा राजनीतिक दललाई २० बुँदे निर्देशन

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूलाई विभिन्न २० बुँदे निर्देशन दिएको छ । आयोगले आगामी पुस ११ गते राष्ट्रियसभाको निर्वाचनको मिति तय गरेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनका लागि आवश्यक सहयोग गर्न आग्रह गर्दै आयोगले निर्देशन दिएको छ ।

निर्वाचनमा समावेशी समानुपातिक प्रतिनिधित्व कायम गर्दै निर्वाचनमा सुशासन कायम गर्नका लागि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दललाई आवश्यक निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिए । निर्वाचन प्रणालीमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा प्रत्येक दलले प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा त्यसको एकतिहाई नघटने गरी महिला उम्मेदवारको प्रतिनिधित्व सुनिश्चित गर्ने एवम लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ ।

राजनीतिक दलले दिगो विकासको लक्ष्यलाई ध्यानमा राखी सन् २०३० सम्म संसद्मा ४० प्रतिशत महिला प्रतिनिधित्व पुर्याउने नीति अख्तियार गर्ने विषयको प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी उम्मेदवार मनोनयनको व्यवस्था गर्नुपर्नेछ । यस्तै, राजनीतिक दलले निर्वाचनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्दा नेपालको संविधानप्रति निष्ठावान रही विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गर्दै आपसी सुसम्बन्धमा खलल पार्ने कुनै गतिविधि गर्न पाइनेछैन । मतदानस्थल, मतदान केन्द्र, मतगणनास्थललाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने, राजनीतिक दलको घोषणा पत्र लगायतका दस्तावेजमा लैङ्गिक तथा समावेशीसम्बन्धी व्यवस्थालाई उचित सम्बोधन गर्नुपर्नेछ ।

महिला, दलित वा अल्पसफ्यक समुदायका लागि आरक्षण गरिएका पद बाहेकका पदमा उम्मेदवार मनोनयन गर्दा कम्तिमा एक तिहाई महिला र नेपालको सामाजिक विविधता प्रतिविम्वित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा उम्मेदवार मनोनयन गर्नुपर्नेछ । राजनीतिक दलबाट सञ्चालन गरिने प्रशिक्षण, गोष्ठी, तालिम, सेमिनार, छलफल तथा अन्तरक्रिया आदि कार्यक्रममा महिला, समावेशी समूह तथा लक्षित वर्गको सहभागितालाई सुनिश्चितता गर्नुपर्नेछ ।

निर्वाचन प्रचारप्रसार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति एवम समावेशी समूह वा अन्य कुनै पनि उम्मेदवारलाई प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने, व्यक्तिगत लाञ्छना लगाउने, गालीगलौज गर्ने, हतोत्साहित गर्ने, चरित्र हत्याका प्रयास गर्ने एवम कमजोरी देखाउने जस्ता विभेदजन्य कार्य नपाइने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसफ्यक तथा अपाङ्गता भएका व्यक्तिहरूको भावना, इज्जत, चरित्र एवम् प्रतिष्ठामा आँच आउन सक्ने, आत्मसम्मानमा चोट पुग्ने प्रकारले कुनै किसिमको प्रचारप्रसार गर्न पाइने छैन ।

राजनीतिक दलले सामाजिक सञ्जालमा प्रयोग गर्ने भाषामा महिला तथा समावेशी समूहका व्यक्तिको भावनामा नकारात्मक असर पर्ने गरी गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह नहुने कुराको सुनिश्चितता गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ । राजनीतिक दलले निर्वाचनको प्रचारप्रसार गर्दा निर्वाचनमा लैङ्गिक तथा समावेशीता, निर्वाचनको महत्व र मतदान गर्ने तरीकालगायतका विषयमा मतदातालाई सुसूचित गर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र त्यस्तो आचारसंहिता सम्बन्धित दल, दलका पदाधिकारी, सदस्य र कार्यकर्ताले पालना गर्नुपर्नेछ । त्यस्तो आचारसंहिता पालना नगर्ने दलका पदाधिकारी, सदस्य तथा कार्यकर्तालाई दलको विधान बमोजिम कारवाही गर्नुपर्ने भन्ने कानुनी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ ।

राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेश गरेपछि त्यसरी पेश गरेको वन्दसूची सम्बन्धित दलले सार्वजनिक गर्नुपर्नेछ । राजनीतिक दलले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पार्ने एवम् जातीय वा साम्प्रदायिक विद्धेष फैलाउने वा बिभिन्न जात,जाति, धर्म र सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने जस्ता हिंसात्मककार्य गर्न बन्देज गरिएको छ । सरकारी, सार्वजनिक, सामुदायिक वा नीजि सम्पतिको तोडफोड हानि नोक्सानी वा क्षति पुर्याउने वा पुर्याउन लगाउने तथा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्य नगर्ने र नगराउने व्यवस्था मिलाउनुपर्नेछ ।

राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाइ आयोगमा पेश गर्ने र सो घोषणापत्रको आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेछ । राजनीतिक दलहरूले राजनीतिक गतिविधि गर्दा बालबालिकालाई प्रयोग नगर्ने नगराउने व्यवस्था मिलाउनुपर्नेछ । यस्तै, दलले राजनीतिक वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एक दलले अर्को दललाई वाधा अरोध गर्ने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउने जस्ता अलोकतान्त्रिक कार्य गर्न पाइनेछैन ।

■■■

## खाडी...

नेपालका लागि आइएलओका निर्देशक नुमान ओजकानले जिसिसी साझेदारहरूसँग दिगो सहकार्य गरेर नेपाली श्रमिकहरूले विदेशमा पाउने अधिकारमार्फत उनीहरू र परिवारका लागि वास्तविक सामाजिक सुरक्षा सुनिश्चित गर्ने आधार तयार पार्नुपर्ने बताए । त्यस्तै, नेपालमा गर्न लागिएको कार्यक्रम सामाजिक सुरक्षालाई पुनर्विचार गर्ने ठूलो क्षेत्रीय प्रयासको हिस्सा भएको कार्यक्रमकी प्राविधिक अधिकृत कारिना लेभिनाले बताएकी छन् ।

सरोकारवालाहरूले घरेलु तथा हेरचाह क्षेत्रका आप्रवासी श्रमिकहरूको अवस्थामा तुरुन्त ध्यान दिन आवश्यक रहेको औंल्याएका छन् । यस्ता क्षेत्रमा अधिकांश महिला छन् । यी कामदारहरू प्राय: औपचारिक सामाजिक सुरक्षाबाट वञ्चित रहेको बुझिएको छ ।

श्रमिकको अधिकार र सुविधाको पहुँचमा बाधा पुऱ्याउने कारकको रूपमा नेपाल र जिसिसी देशहरूबीचको तथ्यांक सार्वजनिक गर्ने प्रणालीसमेत जिम्मेवार रहेको भनिएको छ । प्रमाणमा आधारित नीति निर्माण र त्यसको प्रभावकारी कार्यान्वयनका लागि सुव्यवस्थित तथ्यांक संकलन, एकीकरण र सूचना साझेदारी अपरिहार्य रहेको जनाइएको छ ।

यस कार्यक्रमले नेपालको श्रमिक अधिकार र सभ्य रोजगार परियोजनाका साथै नेपाली प्रवासी श्रमिकहरूको अधिकारको संरक्षण र प्रवर्द्धनमा पहल गर्ने अपेक्षा गरिएको छ । यी पहलहरू मिलेर न्यायसंगत भर्ती, सुधारिएको प्रशासन र समावेशी सामाजिक सुरक्षामा जोड दिने छन् । यसले नेपाललाई नीति र अभ्यासमा मेल खाने बनाउन र सम्मान, न्याय र अधिकारमा आधारित आप्रवासी प्रणालीको विकास गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ ।

■■■

## धादिङको ...

'उक्त डिब्बा कन्टेनरको ब्रेक फेल भएको र त्यसपछि त्यसले सोही दिशातर्फ जाँदै गरेको र विपरीत दिशाबाट आउँदै गरेको सवारी साधनलाई पनि ठक्कर दिएको रहेछ,' डिएसपी दाहालले भने । घाइते हुनेमा अधिकांश स्कुल बसमा सवार विद्यार्थी रहेका छन् । चितवनको स्कुल बसमा सवार २५ जना, गोरखाबाट काठमाडौंतर्फ जाँदै गरेको बसमा सवार आठ जना, मोटरसाइकलमा सवार एक जना र डिब्बा गाडीमा सवार एक जना घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


**मोटर साइकल हरायो**

गोकुल धरेलको नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८२/०७/२९ गते काठमाडौं जिल्ला चन्द्रागिरी न.पा., मातातिर्थ नजिक पार्किङ गरी राखेको ठाउँबाट अन्दाजी रातको ५:३० बजेतिर हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरी दिनु हुन अनुरोध छ ।

प्रकार : Pulsar 220 CC
बाइक नं. : BA PRA 02, 041 PA 9376
चेसिस नं. : MD2AJ3XXMCJ98545
इन्जिन नं. : DKXCMJ32983
रङ्ग : BLACK, RED
सम्पर्क नं. : 9851140452

**कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०८/२१ गते**

यस कम्पनीको मिति २०८१/०९/२५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सारथी एजेन्सी**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सारथी होल्डिङ एजेन्सी (प्रा.लि.नं. ३१५२२९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**MAURITIUS मा रोजगार**

कम्पनी : T&T INTERNATIONAL FOODS LTD

पूर्व स्वीकृति मिति : २०८२/04/0९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/0८/१९ | LT. No. 327742 | चलानी नं. ६0२४१६0८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MUR | ने.रू. | | | | | | | |
| 1 | Machine Operator | 30 | 30 | 17110 | ५२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PRIME CONSTRUCTION LTD

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/0८/१९ | LT. No. 330337 | चलानी नं. ६0२४४३१0

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MUR | ने.रू. | | | | | | | |
| 1 | Carpenters-Grade II | 25 | 0 | 22300 | ६८,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Grade 2) | 50 | 0 | 22300 | ६८,१५५ | | | | | | | |
| 3 | Barbender | 25 | 0 | 22300 | ६८,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २८ गते (14th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com


**मेथिनकोट अस्पताल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोकको प्रस्तावित १०० शैय्या अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि सार्वजनिक सुनुवाई बारेको सूचना**

**(प्रकाशीत मिति : २०८२ साल मंसिर २१ गते, आइतबार)**

यस मेथिनकोट अस्पताल, भकुण्डेबेशी, काभ्रेपलाञ्चोकको प्रस्तावित १०० शैय्या अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने हुँदा आयोजनाले त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने प्रभावहरूको सम्बन्धमा राय/सुझाव र प्रतिक्रिया लिन प्रस्ताव क्षेत्रका स्थानीय बासिन्दा, सरकारी एवं गैरसरकारी संघ संस्था, सम्बन्धित वडा प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सरोकारवाला निकाय एवं व्यक्तिहरूलाई कार्यक्रममां उपस्थित भई राय/सुझाव एवं प्रतिक्रिया पेश गर्न यो सार्वजनिक सुनुवाईको सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान : मेथिनकोट अस्पताल, भकुण्डेबेशी, प्रस्तावित निर्माण स्थल ।**
**मिति : २०८२ साल, मंसिर २४ गते बुधबार ।**
**समय : दिनको १ बजे ।**

**ग्रिनफिल्ड बचत तथा सहकारी ऋण सहकारी संस्था लि.**
टोखा न.पा.-१०, सामाखुसी, काठमाडौँ, फोन नं.०१-४९८९२३५

**कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना !**

*प्रकाशन मिति २०८२/०८/२१ गते*

यस ग्रिन फिल्ड बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले कर्जा लिँदाका बखत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम साँवा, ब्याज र हर्जना हालसम्म पनि नबुझाउनु भएकोले यस सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र संस्थाको कार्यालय सामाखुसी काठमाडौंमा सम्पूर्ण साँवा, ब्याज र हर्जना रकम सबै बुझाउनु होला । निर्धारित समयमा नबुझाएमा सहकारी ऐन २०७४ को दफा ७९, नियमावली २०७५ र संस्थाको ऋण नीति २०७५ बामोजिम कानुनी प्रक्रिया अघि बढाइने जानकारी गराइन्छ ।

**तपसिल**

| क्र. सं. | ऋणीको नाम, ठेगाना | ना.प.पत्र नं., जिल्ला, मिति | तिनपुस्ते विवरण | धन जमानी बस्नेको विवरण | ऋणीको फोटो |
|---|---|---|---|---|---|
| १. | **होम राज दवाडी** सिरान्चोक- ८ धन्सार, गोरखा | १४६/४६४८५, गोरखा मिति : २०५२/०३/१८ | **बाजेको नाम** : आत्माराम दवाडी **बुबाको नाम** : कलाधर दवाडी | हिमा दवाडी सिरान्चोक-८, धन्सार, गोरखा |  |
| २. | **हिमा दवाडी** सिरान्चोक-८, धन्सार, गोरखा | ५९०३०, गोरखा, मिति : २०५३/११/०९ | **बाजेको नाम** : केशीराम देवकोटा **बुबाको नाम** : फडेन्द्रराज देवकोटा | होमराज दवाडी सिरानचोक-८, धन्सार, गोरखा |  |

**Government of Koshi Province**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

# Infrastructure Development Office, Tehrathum

**Myanglung, Nepal**

## Invitation for Electronic Bids

**First Date of publication: 7th December 2025 (2082-08-21)**

1. Infrastructure Development Office, Tehrathum invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S.No. | Description of works | Bid Security Amount (NRs) | AACT (NRs) | Specific Experience | Experience in Key Activities | Bid Capacity (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Sakranti Bazzar Khamlalung Sandu Bhandari Danda Road, Tehrathum (Chainage: 10+540 to 19+100) (Contract no: IDO/THRM / W/NCB/MY-3/082-83) | 97,00,000.00 | 258.5 million | At least One (1) Contract for Asphalt concrete road with a value of at least NRs 207 million | Asphalt concrete of 884 Cu m/year | 276 million |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from Infrastructure Development Office, Tehrathum (email: -idotehrathum82@gmail.com, Ph: -: 9852066303) during office hour and may visit PPMO website www.bolpatra.gov.np/egp
3. Interested bidder may download the complete set of Bidding Documents from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid, should deposit the cost of NRs 20000.00 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited,Myanglung,Tehrathum
   Name of Office: Infrastructure Development Office, Tehrathum
   Office Code no.3370105011
   Rajaswa (revenue) Shirshak no. 14229
4. Pre-bid meeting shall be held at Infrastructure Development Office,Tehrathum at 13:00 Hrs. on 26th December 2025 (2082-09-11).
5. Bids must be submitted to the office Infrastructure Development Office,Tehrathum through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 9th January 2026 (2082-09-22).
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs. on 9th January 2026 (2082-09-22) at Infrastructure Development Office, Tehrathum. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, amounting NRs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchase and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# काठमाडौं न्यु क्यासल स्कूलको कक्षाकोठामा रोबोटिक्स प्रयोग गर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं न्यू क्यासल स्कुलले कक्षाकोठामा एआई र मेसिन लर्निङ अवधारणाहरू परिचय गराउन रोबोटिक्सको प्रयोग गर्ने भएको छ । गुणस्तरीय शिक्षाको खोजीमा रहेका अभिभावक र विद्यार्थीहरूको पहिलो रोजाइ बन्दै गएको स्कुलले आधुनिक शिक्षण प्रणाली, विद्यार्थीमैत्री वातावरण, नवीनतम प्रविधि, र सर्वांगीण विकासका लागि आवश्यक सम्पूर्ण सुविधाहरू उपलब्ध गराउँदै आएकोसमेत जनाएको छ ।

विद्यालय विद्यार्थीलाई सिर्जनशील, खोजमूलक, र आत्मनिर्भर बनाउने लक्ष्यका साथ निरन्तर अगाडि बढिरहेको उल्लेख गर्दै प्रशासनले भनेको छ, 'स्कुलको स्थापना आधुनिक शिक्षाको नयाँ युग प्रारम्भ गर्ने उद्देश्यले गरिएको हो । शिक्षालाई केवल किताबी ज्ञानमा सीमित नराखी, विद्यार्थीहरूको समग्र विकासमा केन्द्रित गर्न विद्यालय प्रतिबद्ध छ ।'

विद्यालयले शिक्षामा नवीनतम प्रविधिको प्रयोग गर्ने, विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने, नैतिकता, अनुशासन, र नेतृत्वदायी क्षमता विकास गर्ने र अनुसन्धानमुखी शिक्षण प्रणालीलाई प्रोत्साहित गर्नेजस्ता लक्ष्यहरू राखेको जनाएको छ । सर्वाङ्गीण विकासका लागि शैक्षिक, साँस्कृतिक, र खेलकुद गतिविधिहरूमा जोड दिने विद्यालयको सफलता पछाडिको मुख्य कारण यसका कुशल नेतृत्वकर्ता, अनुभवी शिक्षकहरू, प्रविधिमैत्री वातावरण, र अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रमको प्रभावशाली संयोजन हो । सुविधासम्पन्न पूर्वाधार र प्रविधिमैत्री वातावरणमा रहेको न्यू क्यासल हायर सेकन्डरी स्कुलले विद्यार्थीहरूलाई उत्कृष्ट सिकाइ अनुभव प्रदान गर्न अत्याधुनिक पूर्वाधार उपलब्ध गराएको जनाएको छ ।

विद्यालयमा स्मार्ट कक्षाकोठाहरू नवीनतम प्रविधिहरू प्रयोग गरी पाठ्यक्रमलाई रोचक र प्रभावकारी बनाइनेजस्तो सुविधा रहेका छन् । यसैगरी अत्याधुनिक विज्ञान प्रयोगशाला: विज्ञानको गहिरो अध्ययनका लागि आधुनिक उपकरणहरूले सुसज्जित प्रयोगशाला, डिजिटल लाइब्रेरी: पुस्तकहरू मात्र नभई, ई-पुस्तक, अनुसन्धान सामग्रीहरू, र डिजिटल स्रोतहरू सहितको पुस्तकालयजस्तो सुविधा पनि रहेको विद्यालयले जनाएको छ । यसैगरी कम्प्युटर तथा रोबोटिक्स ल्याब: विद्यार्थीहरूलाई प्रविधिमा दक्ष बनाउन उच्चस्तरीय कम्प्युटरर ल्याब र कला, संगीत, र खेलकुद सुविधाहरू: सिर्जनशीलता र शारीरिक विकासलाई प्रवर्द्धन गर्न विभिन्न खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिने विद्यालयले जनाएको छ ।

अनुभवी शिक्षकहरू र विद्यार्थीमैत्री शिक्षण शैलीलाई अबलम्बन गर्दै सोही विद्यालयमा दक्ष र अनुभवी शिक्षकहरूको समूह रहेको जसले विद्यार्थीहरूलाई समुचित मार्गदर्शन प्रदान गर्ने जनाएको छ । शिक्षकहरू मात्र ज्ञान प्रदान गर्ने भूमिका निर्वाह गर्दैनन्, उनीहरू विद्यार्थीहरूको व्यक्तिगत तथा बौद्धिक विकासका लागि समेत समर्पित रहन्छन् । सिकाइलाई केवल किताबी ज्ञानमा सीमित नराखी, प्रयोगात्मक शिक्षण विधिहरू अपनाएर विद्यार्थीहरूलाई व्यवहारिक सीप प्रदान गरिन्छ । सामाजिक र नैतिक शिक्षामा विशेष ध्यान दिदै आएक न्यू क्यासल स्कुलले शिक्षामात्र नभई विद्यार्थीलाई जिम्मेवार नागरिक बनाउन सामाजिक तथा नैतिक शिक्षामा पनि विशेष ध्यान दिने गरेको जनाएको छ । विद्यार्थीलाई परोपकार, नेतृत्व, र समाजसेवाका गतिविधिमा संलग्न गराइने। विद्यालयले समाजका विभिन्न क्षेत्रहरूसँग सहकार्य गर्दै समाजसेवामा समेत अग्रसरता लिने अवसर प्रदान गर्ने जनाएको छ ।

अनुसन्धानमुखी शिक्षण पद्धतिलाई जोड दिँदै विश्वव्यापीकरणको युगमा सफल हुनका लागि विद्यार्थीलाई सिर्जनशील सोच, अनुसन्धानमुखी दृष्टिकोण, र समस्या समाधान गर्ने क्षमताको विकास अत्यावश्यक रहेको उल्लेख गर्दै विद्यालयले। विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्नेले स्टेम शिक्षालाई प्राथमिकता दिँदै वैज्ञानिक अनुसन्धान र नवीन सोचको विकासमा विशेष ध्यान दिएको छ। विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्नेले शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीहरूको उज्जवल भविष्य सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यहाँ प्रदान गरिने शिक्षाले विद्यार्थीहरूलाई केवल परीक्षामा मात्र होइन, जीवनका सबै पक्षमा सफल बनाउने उद्देश्य राखेको विद्यालयले जनायो । उत्कृष्ट नेतृत्व, अनुभवी शिक्षकहरू, आधुनिक प्रविधि र उत्कृष्ट पूर्वाधारको कारण यो विद्यालय अभिभावक तथा विद्यार्थीहरूको पहिलो रोजाइ बन्दै गएको दाबी विद्यालयले गरेको छ। 'नयाँ युगको शिक्षालाई आत्मसात गर्दै, विद्यार्थीलाई विश्वस्तरीय शिक्षा प्रदान गर्नेले शिक्षाको क्षेत्रमा नवीनतम सम्भावनाहरू सिर्जना गर्ने यात्रामा अविचलित रूपमा अघि बढिरहेको छ,' विद्यालय सञ्चालक समितिको दाबी छ, 'विद्यालयले लोभलाग्दो पाठ्यक्रम र कार्यक्रमहरू प्रदान गर्दैछ, जसमा आइसिटीका कोडिङदेखि पाइथन प्रोग्रामिङ, अटोमेसन, रोबोटिक्स, एआइ, र कम्प्युटर भिजनका विषयहरू समावेश छन् । साथै, खेलकुदका लागि आफ्नै फुटसल ग्राउन्ड, क्रिकेट, ब्याडमिन्टन, टेबलटेनिसको व्यवस्थापनले गर्दा यो विद्यालय अभिभावकहरूको रोजाइमा परेको छ ।'

स्कुलले विद्यालयको गुणस्तर मापन एसइईमा प्राप्त ग्रेडमा केन्द्रित नभई विद्यार्थीहरूको सर्वांगीण विकास अत्यन्तै महत्वपूर्ण हुने जनाएको छ । 'महत्वपूर्ण विषयहरू कक्षाको गतिविधिहरूमा आधारित भएर वास्तविक सिकाइमा अगाडि बढिरहेका छन् कि छैनन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । कक्षाको औसत सिकाइ उपलब्धि कस्तो छ, वर्कशपमा आधारित सिकाइ छ कि छैन भन्ने कुरामा यस विद्यालयले विशेष ध्यान दिएको छ,' स्कुलले भनेको छ ।




# धुलिखेल–खावा सडकखण्ड विस्तारको काम धमाधम

**काभ्रेपलाञ्चोक (प्रस)–** अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्यलाई तीव्रता दिइएको छ । रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि पुनःस्तरोन्नतिको काम सुरु गरिएको हो ।

डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सि-एन ए-वान काली जेभीसँग सम्झौता गरिएको छ । भ्याटबाहेक ३१ करोड ५६ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले जानकारी दिए । पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्रे सक्ने र बाँकी अन्य बाँकी काम क्रमशः गर्दै निर्धारित समयमा सकिने उनको भनाइ छ । विभिन्न स्थानमा 'कटिङ'को कामबाट पुनः विस्तार कार्यलाई तीव्रता दिइएको हो ।

निर्माण कार्यमा ढिलासुस्ती गर्दा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनः बोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताए ।

उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम गौरी-पार्वतीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार रूपैयाँमा ठेक्का लिएको थियो ।

यसअघि धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा 'कटिङ'को काममात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काममात्रै भएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । २०८१ जेठमा धुलिखेलतर्फबाट बेस, सबबेस हाल्ने काम सुरु गरिए पनि पटक-पटकको बर्खामा सबै बगाएर खण्डहरझैँ बनाएको थियो । निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन ।

अरनिको राजमार्गहुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य भएका छन् । सडक निर्माणको काम समयमा नसकिँदा पुनः निर्माणका लागि भत्काइएको सडकमा दुर्घटना हुँदा सयौं यात्री घाइते भइसकेका छन् ।

**Koshi Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Solukhumbu Nepal**

## Invitation for Electronic Bids

**Date of Publication: 2082-08-21(7th December, 2025)**

1. Koshi Province Government, Ministry of Physical Infrastructure Development, Infrastructure Development Directorate, Infrastructure Development Office, Solukhumbu,Nepal invites bids from eligible bidders for following works:

| S.N | Contract ID | Description and Location of Work | Estimated Amount with VAT& PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1. | IDO-SOLU-NCB-BUILDING-16-2082/83 | Himchuli yuwa Ekata club ko Krishi Upaj Sankalan Bhawan Nirman Maha kulung-01, Solukhumbu | NRs.19,32,155.43 | Nrs.50,000.00 (2026-05-05) | Nrs.3000.00 |
| 2. | IDO-SOLU-NCB-BUILDING-17-2082/83 | Shramik Bahuudeshiye Sabhahall Nirman Sotang-05, Solukhumbu | NRs.21,73,352.54 | Nrs.55,000.00 (2026-05-05) | Nrs.3000.00 |
| 3. | IDO-SOLU-NCB-BUILDING-18-2082/83 | Construction and Maintanance of Changesthan Temple Solududhkunda-08, Solukhumbu | NRs.9,66,120.63 | Nrs.25,000.00 (2026-05-05) | Nrs.3000.00 |
| 4. | IDO-SOLU-NCB-BUILDING-19-2082/83 | Lokhim Krishi Upaj Sankalan Tatha Bhandaran Bhawan Nirman Thulung Dudhkoshi-09, Solukhumbu | NRs.19,28,923.90 | Nrs.50,000.00 (2026-05-05) | Nrs.3000.00 |
| 5. | IDO-SOLU-NCB-BUILDING-20-2082/83 | Solukhumbu Jilla Timukhepte sthit sahid Yagye Bahadur Thapa Park Purwadhar Nirman Soluduhkunda-11, Solukhumbu | Nrs.24,14,074.99 | Nrs.65,000.00 (2026-05-05) | Nrs.3000.00 |
| 6. | IDO-SOLU-NCB-ROAD-21-2082/83 | Batase-jukey-Gaaikharka-cherem Sadak Nirman Sotang-02 ra Mahakulung-01, Solukhumbu | Nrs.48,28,309.69 | Nrs.1,25,000.00 (2026-05-05) | Nrs.3000.00 |

2. Submission and Opening of Bids:

| Last Date of Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2082-09-22(2026/01/06) | Before 12:00 noon | 2082-09-22(2026/01/06) | 13:00pm | Bidders download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. In e-bidding, Pre-bid meeting shall be held at the office on 2082/09/06 (21stDecember, 2025) at 13:00 hours. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh LekhaIkai Karyalaya, Solukhumbu. | RastriyaBanijya Bank. | Salleri,Solukhumbu | 2020100202030000 (Dharauti) | Office Code: 3370112011 |
| Infrastructure Development Office, Solukhumbu | RastriyaBanijya Bank. | Salleri,Solukhumbu. | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

4. If the last date of Bid submission and opening falls on a government holiday then the next working day shall be considered at last day.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised).

## जरुरी सूचना

मिति २०८२/०८/१० गते पूर्वाधार विकास कार्यालय सोलुखुम्बुबाट सौर्य दैनिक राष्ट्रिय पत्रिका मार्फत प्रकाशित सूचनामा केहि त्रुटीहरु भएको हुँदा तपसिल अनुसार सच्याइएको व्यहोरा सूचित गरिन्छ।

**तपशिल**

| क्र. सं. | सूचनामा भएको Contract ID | हुनु पर्ने Contract ID: |
|---|---|---|
| १ | IDO-SOLU-NCB-BUILDING-05-2082/083 | IDO-SOLU-NCB-ROAD-05-2082/83 |
| २ | IDO-SOLU-NCB-BUILDING-11-2082/083 | IDO-SOLU-NCB-BUILDING-11-2082-83 |
| ३ | IDO-SOLU-NCB-ROAD-04-2082/083 | IDO-SOLU-NCB-ROAD-04-2082//83 |
| ४ | बाँकी सम्पूर्ण contractID को अन्तिममा 2082/083 | बाँकी सम्पूर्ण contractID को अन्तिममा 2082/83 |

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘अञ्जु प्रकरण’मा माफीले पुग्दैन प्रधानमन्त्रीज्यू

**नेपालको शासन प्रणाली कति बेपरवाह छ भन्ने घटना बर्दिया बढैयाताल – ४ कि अन्जु थारु र उनका बाबुको आत्महत्या प्रकरणलाई हेरे पुग्छ । जन्मसिद्ध र न्युनतम हक अन्तर्गत पाउनुपर्ने एउटा नागरिकता नपाउँदा यहाँको शासन प्रणालीमाथि प्रश्न उठाएर बस्नुभन्दा उनीहरूले आफैले आफैलाई हत्या गर्न उत्तम ठाने । नागरिकताको प्रमाणपत्र लिन सरकारी अड्डा, अदालत र स्थानीय तह निकै धाए । तर यो हक नपाएपछि उनीहरूले हत्याको बाटो रोजेको देखिन्छ । अदालतबाट अंश मुद्दा पनि जितेपछि अन्जुलाई आफ्नो र छोरीको भागको जमिनको जग्गा धनी प्रमाणपत्र पाउन नेपाली नागरिकताको प्रमाणपत्र र छोरीको जन्मदर्ताको प्रमाण आवश्यक भयो । तर उमेर नपुगी उनको विवाह भएको र अदालतले स्पष्ट आदेश नदिएको भन्दै वडा कार्यालयले अन्जुलाई नागरिकताको प्रमाणपत्र दिनका लागि सिफारिस गर्न आलटाल गर्दै ६ वर्ष बिताइदियो ।**

**नागरिकताको नपाएपछि अन्जुले मृत्युको बाटो रोजिन् । शोकविह्वल उनका बाबु कान्छा थारुले पनि त्यही बाटो रोजे । अन्जु र कान्छा थारुको आत्महत्यालाई आवेग वा निराशाको उपजमात्र भनेर पन्छाउनु नेपालको प्रशासनिक संस्कृति नबुझ्नु वा बुझ्न नखोज्नु हुनेछ । आफ्नो निकटका मानिस राज्य सत्तामा नहुँदा जनताका लागि कति असहज हुन्छ भन्ने सानो उदाहरण हो यो । अहिले अञ्जुका ‘पति’ विरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दा दायर गरिएको छ । अन्जुको आत्महत्याको प्रमुख कारक के उनका पति हुन त ? पक्कै पनि पहिलो कारण त उनकै पति हुन् तर अन्जुलाई आत्महत्या गर्ने अवस्थामा पुऱ्याउन बर्दिया बढैयाताल –४ का वडा अध्यक्षदेखि जिल्ला प्रशासन बर्दियाका अधिकारीसमेत नैतिकरूपमा जिम्मेवार देखिन्छन् । साथै, सरकारी कार्यालय सर्वसाधारणका लागि कति असहज छन् भन्ने पनि देखाउँछ ।**

**नागरिकताको प्रमाणपत्रविना सन्तानको जन्मदर्तादेखि अदालतले फैसला गरेर उपलब्ध गराएको अंश आफ्नो नाममा गर्नेजस्ता प्रशासनिक काम नहुने र नागरिकताको प्रमाणपत्र पाउन जटिल र दुरुह विधि एवं प्रक्रिया छिचोल्नुपर्ने कठिनाइले सर्वसाधारणले भोग्नुपर्ने सास्तीको पनि प्रतिनिधि उदाहरण अन्जुको आत्महत्या हो । सुशासनको अर्थ राज्य नागरिकको सहज पहुँचमा हुनु पनि हो ।**

**राजनीतिका नाममा जनताको साथ लिएर आन्दोलन, विद्रोह, विध्वंस हुन्छ । यसो गरिँदा सहिद ठहरिने, घाइते भए क्षतिपूर्ति र भत्ता पाइने शासन व्यवस्थामा नियमै छ । राज्यकै लापरवाहीका कारण यसरी ज्यान गुमाएकी अञ्जु र उनका बुवालाई अब राज्यले के गर्ला ? प्रधानमन्त्री सुशीला कार्कीले यो घटनामा माफी मागेकी छिन् । के माफी मागेर यस्तो जघन्य अपराधबाट राज्य उम्किन मिल्छ ? पक्कै पनि मिल्दैन । यस्तो विषयमा राज्यले सहजीकरण गरोस्, ताकि भावी दिनमा अञ्जुले जस्तै निर्णय गर्नुपर्ने दिन नआओस् ।**

# सोच र कार्यशैली बदले सम्भव छ देश विकास



❑ दामोदर खनाल

पुराना राजनीतिक दल र तिनका जनप्रतिनिधिको सोचमा व्यापक परिवर्तन आजको मुख्य आवश्यकता हो । किनभने अब पुरानै सोच र घोषणापत्रले समाज र देश बदलिन सक्दैन । विश्वपरिवेश हेर्दा अहिलेको समाज धेरै अगाडि छ । युवाहरूले विकसित देशका कथाहरू बुझिरहेका छन् । जसकारण हाम्रा जनप्रतिनिधि पनि आफ्ना क्षेत्रको विकास लागि स्पष्ट लक्ष्यसहित अगाडि बढ्दै विकासको मोडेल खोज्न आवश्यक छ ।

काठमाडौं, भक्तपुर र ललितपुरका केही ठाउँ घुमेर हेर्दै गर्दा परिवर्तन भएको देखिन्छ । केही वर्ष अगाडिको विकास र अहिलेको विकास हेर्दा शिक्षा, स्वास्थ्य, पुराना सम्पदाको संरक्षण, सरसफाइ, कृषि, सडकजस्ता विकासका सवालमा धेरै छलाङ मारेको छ । तर पनि पर्याप्त छैन । गुटगत राजनीति र व्यक्ति पूजाको प्रवृत्तिले गर्दा विकासले जुन गति लिनुपर्ने हो त्यो लिन सकेको छैन ।

काठमाडौं महानगरमा बालेन्द्र साह (बालेन)को प्रवेशपछि ठूला दल र सरकारको अवरोधका बाबजुद विकासले केही गति लिएको छ । भक्तपुर र पाटनमा अलि अघिबाट नै जनप्रतिनिधिले स्पष्ट भिजनसाथ काम गरेकोले परिवर्तन भएको हो । काठमाडौं महानगरका मेयर बालेन, भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति, ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन, धरान उपमहानगरका मेयर हर्क साम्पाङ, धनगढी उपमहानगरका गोपी हमालको काम गर्ने शैली केहीलाई मन नपर्न सक्ला तर उनीहरूले स्पष्ट भिजनसहित गरेको कामले अधिकांश जनता खुसी छन् । ठूला दलका नेताहरूलेभन्दा मन जितेका छन् ।

यिनीहरूले पुराना ठूला भनिएका दलका जनप्रतिनिधिको कामको तुलनामा निकै छलाङ मारेको देखिन्छ । यस्ता कामलाई हामीले आत्मसात् गर्न सक्नुपर्दछ । हिजो काठमाडौंको असन घुम्दा होसियार भएर ठेलमठेल पकेट बचाएर हिँड्नुपर्थ्यो । बानेश्वर हाइट, कलंकी होस् वा रत्नपार्कतिरको त्यो अनियन्त्रित भीड र फोहोर अहिले देखिँदैन । २०३९ सालमा पहिलोपटक भक्तपुर घुमेर आउँदा त्यहाँको फोहोर देखेर बिहानको खाना नै नखाएको मलाई स्मरण छ । तर अहिले भक्तपुरको कला, संस्कृति, मठमन्दिर संरक्षण, सडकको सुन्दरीकरण र परिवर्तन साँच्चिकै हेर्न लायक छ ।

हुन त विकास समयको गति पनि हो । यहाँ भन्न खोजिएको कुरा विकास निर्माणका काममा भिजनसहित मन पनि सफा गराएर व्यक्तिगत स्वार्थविना गर्न आवश्यक हुन्छ भन्ने नै हो । त्यस ठाउँको जनताको महत्त्वपूर्ण समस्या के छ बुझेर स्पष्ट योजनासहित काम गर्न आवश्यक छ । अरु सामान्य काम त नियमित प्रक्रिया हो, निरन्तर भइरहन्छ । आफ्नो कार्यकालमा जनताले अनुभूति गर्ने के काम गरियो त त्यो महत्त्वपूर्ण विषय हो ।

जनतालाई खानेपानी छैन तर पहिले कालोपत्रे सडकलाई बजेट विनियोजन गर्दा ठेकेदार र आसेपासे त खुसी होलान् जनता खुसी हुँदैनन् भन्ने भाव बुझ्न जरुरी छ । अब मैले यति मत ल्याएको हो, म यो पुरानो ठूलो पार्टीको, यति वर्ष जेल बसेको भनेर आममतदाता सन्तुष्ट हुने बेला होइन यो । आफ्ना जनप्रतिनिधिले के कस्तो परिणाममुखी काम गऱ्यो त भन्ने जनताले विश्लेषण गरिहेका हुन्छन् । गएको भदौ २३ को जेन-जी आन्दोलनको भाव अझ पनि धेरैले बुझ्न सकेको देखिँदैन । पुराना दलका नेता कार्यकर्ताले मात्र भदौ २४ गतेको कुरा गरिरहेको भान हुन्छ । २३ गते किन आयो ? यो नबुझी न त देशमा विकासले गति लिन्छ न नयाँ नेपाल नै बन्छ ।

लुम्बिनी प्रदेशको उदाहरण लिँदा- रूपन्देहीको भैरहवा-बुटवलतिरको विकासको चर्चा गरौं । बुटवल यहाँको छ लेन सडक लामो समयसम्म निर्माण सम्पन्न नहुँदा धेरै पछाडि परेको देखिन्छ । एउटा ठेकेदारको लापरवाहीले गर्दा बुटवलका थुप्रै व्यवसायी पलायन भइसकेका छन् । काठमाडौंको मेलम्ची खानेपानी आयोजनाजस्तै ३० वर्षसम्म पनि बुटवल-झुम्सा खानेपानी आयोजना पूरा हुन सकेको छैन । सधैं चुनावी एजेण्डा बन्ने, पूरा नहुने । नेताहरूले योजना पूरा गराउन निरन्तरता नदिने विकासको मोडेलले कस्तो सन्देश दिन्छ ? विश्लेषण गर्न जरुरी छ । त्यस्तै भैरहवा-बुटवलको फोहोर व्यवस्थापनका लागि ‘डम्पिङ साइड’ निर्माण हुन सकेको छैन । अर्बौं खर्चिएर बनेको बुटवलको अन्तर्राष्ट्रिय भवन अलपत्र छ । २० करोड रूपैयाँभन्दा बढी खर्चिएर बनेको बुटवलको आधुनिक पशु बधशाला बेवारिसेजस्तै बनेको छ । ३५ अर्ब रूपैयाँको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान नियमित हुन सकिराखेको छैन । सञ्चालन नहुने, पहल नगर्ने हो भने यस्ता अर्बौंको संरचना किन बनाइयो ? दोषी को हो यसको ? खोजी हुन आवश्यक छ ।

विकास भनेको केही व्यक्तिको लाभका लागि मनगढन्ते उडैया पाराले गर्ने होइन । सम्बन्धित क्षेत्रका जानकारहरूसँग बसेर गहन छलफल गरेर कुन सवालमा कसरी अगाडि बढ्ने भन्ने योजना बनाउन आवश्यक हुन्छ । जनप्रतिनिधिले आफ्नो भोट जोगाउने मनसायले होइन, जनता, आफ्नो क्षेत्र र समग्र देशको आवश्यकतालाई केन्द्रमा राखेर काम गर्नु पर्दछ । अहिलेका जनप्रतिनिधिहरूको कार्यशैली त्यस्तो भेटिँदैन । अधिकांश त स-साना कार्यक्रममा गएर दिन बिताउने गरेका छन् । काम नगरे पनि जनतालाई भ्रमित पार्नका लागि विभिन्न ‘स्टण्टवाजी’ गर्छन् । उनीहरूले के बुझ्न जरुरी छ भने राम्रो काम गरे मिडिया आफैं खोज्दै पुग्छन्, स्टण्ट गर्नै पर्दैन । धरानका मेयर साम्पाङले ४५ किलोमिटर टाढाबाट ९० दिनको अथक प्रयासमा धरानमा खानेपानी योजना पूरा गरेका कारण सञ्चारमाध्यममा छाएको जगजाहेर नै छ ।

> विकास भनेको केही व्यक्तिको लाभका लागि मनगढन्ते उडैया पाराले गर्ने होइन । सम्बन्धित क्षेत्रका जानकारहरूसँग बसेर गहन छलफल गरेर कुन सवालमा कसरी अगाडि बढ्ने भन्ने योजना बनाउन आवश्यक हुन्छ । जनप्रतिनिधिले आफ्नो भोट जोगाउने मनसायले होइन, जनता, आफ्नो क्षेत्र र समग्र देशको आवश्यकतालाई केन्द्रमा राखेर काम गर्नु पर्दछ । अहिलेका जनप्रतिनिधिहरूको कार्यशैली त्यस्तो भेटिँदैन । अधिकांश त स-साना कार्यक्रममा गएर दिन बिताउने गरेका छन् । काम नगरे पनि जनतालाई भ्रमित पार्नका लागि विभिन्न ‘स्टण्टवाजी’ गर्छन् । उनीहरूले के बुझ्न जरुरी छ भने राम्रो काम गरे मिडिया आफैं खोज्दै पुग्छन्, स्टण्ट गर्नै पर्दैन ।

जनप्रतिनिधि, त्यसमा पनि मेयर कुन कार्यक्रममा जाने, कुनमा नजाने, कति समय योजना बनाउन ध्यान दिने, विभिन्न वडाका अवस्था के कस्तो छ भनेर कति समय अवलोकन, अनुगमन गर्न दिने त्यो गर्न आवश्यक छ । कतिपय नगरमा वडाको क्लवको सामान्य कार्यक्रममा पनि मेयर, उपमेयर र प्रशासकीय अधिकृत छुट्टाछुट्टै गाडी लिएर जाने र तीनै जना तथा वडाध्यक्षलेसमेत भाषण गरेर दिन बिताएको पाइन्छ । वास्तवमा यो प्रवृत्ति गलत हो । तत्काल सुधार गर्दा फजुल खर्च रोकिन्छ । कतिपय पालिकामा त बजेट दिएर प्रमुख अतिथि बन्ने गरेको पनि देखिन्छ ।

हरेक सवाल र विषयलाई आफ्नो र आफ्ना दलीय गुटको दृष्टिकोणबाट हेर्नु हुँदैन । विकास निर्माणका काममा साझा प्रयास आवश्यक हुन्छ । साँच्चिकै विकासमा जनप्रतिनिधिको फराकिलो सोच आवश्यक हुन्छ । निर्वाचन जितेका जनप्रतिनिधिले कहिले पनि विकास निर्माणका सवालमा पार्टी, समूह वा गुट भनेर हेर्न हुँदैन । ठूला साना सबै योजना सञ्चालन गराउने सवालमा लगातार छलफल र दबाब आवश्यक हुन्छ । राजनीतिमा परिवारवाद हावी देखिन्छ । त्यसले क्षणिक व्यक्तिगत फाइदा होला तर कालन्तरमा टाउको खान्छ भन्ने परिदृश्य मुलुकमा देखिएकै छ । हामीले व्यक्तिगत स्वार्थमा काम गरेका छैनौं भने छोरा, श्रीमती, भाइभतिजा, ज्वाइँलाई किन ‘फ्रन्ट’मा राख्छौं ? चुरो विषय यही हो । अब पनि हाम्रा नेताहरू चरम राजनीतिक प्रतिशोधका आधारमा अगाडि बढ्ने, परिवारवादलाई काखी च्यापेर काम गर्ने हो भने धेरै ठाउँमा बालेन, हर्क, रवि, कुलमानहरूले छलाङ नमार्लान् भन्न सकिँदैन ।

विकास निर्माणका लागि पुराना अमिल्दा नीति, नियम, ऐन कानुन हायर एण्ड फायर नै गर्न आवश्यक छ । वर्तमान ऊर्जामन्त्री कुलमान घिसिङले बुधबार काठमाडौंमा आयोजित उज्यालो नेपाल पार्टी घोषणासभामा भनेझैं योजना परेको ठाउँमा एउटा रूख काट्न पाँच वर्ष लाग्छ तर त्यो रूख काटिन्छ । त्यतिबेलासम्म ठेकेदार कहाँ पुग्छ ? योजना अलपत्र नै रहन्छ । वास्तवमा यो भनाइ सरकारमा बस्ने नीति नियम बनाउनेले बुझ्न जरुरी छ । उनको भनाइअनुसार सही व्यक्तिलाई सही ठाउँमा स्थान दिनुपर्दछ । ‘दुई हजार १०० ठेक्का सडकका मात्र रहेछन् । ठेकेदार ठेक्का लिएर काम नगरी जग्गा किनबेचमा लागे, त्यही भएर मैले २५० वटा पुराना ठेक्का तोडिदिएँ ।’ मन्त्री घिसिङको यो भनाइलाई आधार मान्ने हो भने पनि नेपालको विकास मोडेल परिवर्तन गर्न जरुरी छ । असहज ऐन नियम परिवर्तन वा सुधार गर्न आवश्यक छ ।

जेन-जी आन्दोलनले जन्माएको नयाँ सरकार छ तर पुराना सरकारकै मानसिकता बोकेका उच्चपदस्थ कर्मचारी, अख्तियार, भागबण्डे न्यायालयका पदाधिकारीबाट जनताको निराशा नहट्ने, भ्रष्टाचार नरोकिने, सुशासन कायम नहुने भएका कारण तत्काल हेरफेर गर्न आवश्यक छ ।

पछिल्लो समय सुशिला कार्की नेतृत्वको सरकारले आर्थिक क्षेत्रमा गरेका निर्णयले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको दखिन्छ । अर्थमन्त्री रामेश्वर खनालले नेपालको अर्थतन्त्र राम्रोसँग बुझेका कारण पनि यो सम्भव भएको हो । हालै रूपन्देहीको भैरहवामा उद्योगी व्यवसायी सम्मिलित एउटा कार्यक्रममा अर्थमन्त्री खनालले उद्योगी व्यवसायीलाई दुःख दिने मनसाय यो सरकारको नभएको, आर्थिक क्षेत्रका नीति नियम सकेसम्म पछि आउने सरकारले पनि नहटाउनेगरी सुधार गर्न सिंगो अर्थ मन्त्रालयको टिम लगिरहेको बताए । धेरै ठाउँमा सुधारका संकेत उद्योगी व्यवसायीले पाइसकेका छन्, अब उद्योगी व्यवसायी पनि इमान्दार हुन आवश्यक छ भन्ने उनको भनाइ थियो । यसबाट पनि सरकार गलत मनसायले अगाडि बढेको देखिँदैन, अर्थतन्त्रमा केही सुधार हुन्छ भन्ने आशा गर्न सकिन्छ ।

सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न पनि कार्की सरकार लागेको देखिन्छ । पछिल्लो समय नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक दीपक अधिकारीलाई अख्तियारले छानबिनका लागि नियन्त्रणमा लिएको छ । यसले पनि केही राम्रो संकेत देखाएको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा व्यापक अनियमितता भएका तथ्यहरू निर्वाचित जनप्रतिनिधिको सरकार हुँदादेखि नै पटक-पटक बाहिर आए पनि तत्कालीन सरकारले कारबाही प्रक्रिया अगाडि बढाउन सकेको थिएन ।

वर्तमान सरकारले आम गरिब, निमुखा नागरिकका लागि आयआर्जन र रोजगार तथा राहत हुने अझ केही बाटाहरू खेलिदिन जरुरी छ । भ्रष्टाचार बढ्नुको मुख्य कारण शिक्षा र स्वास्थ्य उपचार सर्वसुलभ नहुनु नै हो । त्यसतर्फ पनि सरकार गम्भीर हुन आवश्यक छ । विदेसिएका नेपालीहरू पनि विस्तारै सीप सिकेर गाउँ फर्किने क्रम देखिएको छ । विदेशबाट फर्किएका केही युवाहरूले ठाउँ-ठाउँमा कृषि, पशुपालनका कार्य पनि गरिरहेका छन् । विदेशबाट फर्किनेहरूका लागि सीपअनुसार काम गर्ने वातावरण बनाइदिन जरुरी छ ।

शिक्षा क्षेत्रमा राम्रो दक्षता हासिल गरेका, नेपालमै केही गर्न चाहनेहरूका लागि काम दिने तथा कृषि र रोजगारमूलक शिक्षा अनिवार्य गर्नु पनि आजको आवश्यकता हो । चरम राजनीतिकरण भन्दा पनि हाम्रो सोंच र शक्ति देश विकासमा लगाउन आवश्यक छ । हामीसँग विकासका प्रशस्त आधार र सम्भावनाहरू छन् । यहाँको हिमाल, पहाड, तराईको सुन्दरताले धेरै विदेशी पर्यटकलाई लोभ्याइरहेको छ । नेपालभित्र आशाका किरणहरू प्रशस्त छन् । विदेसिन बाध्य युवाशक्तिलाई विस्तारै स्वदेशमै अड्याउन सकिन्छ । यदि सबैले आ-आफ्ना पेसा, व्यवसाय राम्रो गरी गर्ने आँट गरेमा असम्भव केही छैन ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

## पाठक मञ्च

### चिकित्सको बेवास्ताले बिरामी जोखिममा

कोही पनि व्यक्ति बिरामी भएपछि अस्पताल पुग्छन् । उपचार गर्दा धेरै पैसा लाग्ने भएपछि उनीहरू आफ्नो खेतबारी, घरजग्गा बेच्छन् । र, राम्रो भनिएका सरकारी तथा निजी अस्पतालमा उपचार गराउँछन् ।

सरकारी होस् निजी अस्पतालका डाक्टर, नर्स, अस्पताल प्रशासन, सुरक्षाकर्मीलगायतले बिरामीले तिर्ने पैसाबाट तलब खान्छन् । यसरी बिरामीकै पैसाबाट तलब खाएर, उनीहरूलाई नै राम्रो बोली वचन गरिँदैन । न त बिरामीका कुरुवासँग मिठो बोलिन्छ । यसका लागि एउटै उदाहरण काफी छ । शनिबार दिउँसो काठमाडौंको सिनामंगलस्थित केएमसी अस्पताल पुग्दा २६२ बेड नम्बरमा उपचाररत काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-२, सिम्थलीका यमबहादुर थापाका आफन्त र कुरुवासँग सुरक्षा गार्डहरू हप्कीदप्की गरिरहेका थिए ।

थापा केही दिनअघि केएमसी अस्पताल भर्ना भएका थिए । त्यसअघि उनले १५ लाख बढी खर्च गरेर केएमसीनजिकै होप हस्पिटलमा आफ्नो घुँडाको उपचारमा गराए । सो रकम उनले गाउँको खेतबारी धितो राखेर ल्याएका थिए । तर, रोग निको भएन । थापाले आफ्नो बिमा गराएका थिए । बिमामार्फत उपचारका निम्ति उनी टिचिङ अस्पताल पुगे । तर, त्यहाँ उपचार नगरिएपछि उनी केएमसी अस्पताल भर्ना भएका हुन् । उपचारमा अझै लाखौं रकम लाग्ने बिरामी थापा बताउँथे । उपचारपछिसमेत घुँडाको रोग ठीक हुने-नहुनेमा उनी यकीन छैनन् । अनि अस्पतालका नर्स, सुरक्षा गार्डचाहिँ उनीसँग रुखो व्यवहार गरिरहेका थिए ।

उनलाई भेट्न आएका आफन्तलाई कुट्नै लाग्याजस्तो सुरक्षागार्डको व्यवहार थियो भने नर्सहरू बिरामीको हेरचाह नगरी मोबाइल चलाएर बसिरहेका देखिन्थे । कुनै पनि व्यक्ति रहरले अस्पताल जाँदैन । अस्पतालमा लाखौंदेखि करोडौंसम्म खर्च हुन्छ । त्यसका निम्ति बिरामी आफ्नो खेतबारी, घरजग्गा, जायजेथा बेचेर उपचार गर्न आएको हुन्छ । बिरामीको कुरुवालाई पनि धेरै चिन्ता हुन्छ । एकातिर जायजेथा सबै बेचिएको हुन्छ, अर्कोतिर रोग निको हुन्छ कि हुँदैन भनेर चिन्ता ।

यस्तो अवस्थामा डाक्टर, नर्सहरूले बिरामी र उसका कुरुवालाई सान्त्वना दिने हो । राम्रो बोली वचन गरेर रोग निको हुन्छ भनेर विश्वास दिलाउने हो । तर, हाम्रो त ठ्याक्कै उल्टो छ । यहाँ त बिरामीलाई सान्त्वना दिनु परको कुरा हो, राम्रो बोली वचनसमेत गरिँदैन । डाक्टर, नर्सकै व्यवहारका कारण बिरामीलाई कुर्न बसेकाहरू समेत बिरामी हुन पुग्छन् ।

डाक्टर, नर्स शिक्षित हुन्छन् । पढेलेखेरै उनीहरू त्यो ठाउँमा पुगेका हुन् । तर, उनीहरूको व्यवहार भने निकै तल्लो स्तरको देखिन्छ । डाक्टर, नर्स मै हुँ भन्ठान्छन् । आफूहरूजस्तो कोही छैन भन्ठान्छन् । आफूहरूले जे गरेपनि हुन्छ भन्ने डाक्टर, नर्सको मनोविज्ञान देखिन्छ ।

बिरामीहरू यत्तिकै अस्पताल आएका हुँदैन । उनीहरू सित्तैमा अस्पताल बसेका हुँदैनन् । कसलाई आफ्नो घर छोडेर अस्पतालको बेडमा कुचिएर बस्न मन लाग्छ र । तर, यो कुरा डाक्टर, नर्स, सुरक्षागार्डले बुझेको देखिँदैन । आफन्त बिरामी परेपछि भेटघाटका निम्ति मानिसहरू अस्पताल पुग्छन् । टाढाटाढाबाट मानिसहरू अस्पताल गएका हुन्छन् ।

तर, सुरक्षा गार्ड, नर्सहरू हल्ला हुन्छ भन्दै आफन्तलाई बिरामीसँग भेट्न दिँदैनन् । अनि लामो यात्रा गरेर बिरामी भेट्न आएकाहरू बिरामी नै नभेटि फर्किन्छन् । अर्कोतर्फ, बिरामीले पैसा तिरेपछि तत्कालै उपचार पाउनुपर्ने हो । तर, डाक्टर, नर्सहरू जब आफू फुर्सद हुन्छन्, तब उपचार गर्छन् ।

त्यतिबेलासम्म बिरामीको मृत्यु भएमा को जिम्मेवार हुने ? डाक्टर, नर्सको लापरबाहीको बिरामीको ज्यान पनि जाने, सम्पत्ति पनि सिद्धिने । सरकार भन्छ- बिमा गर्नू । बिमा कम्पनीहरू बिमा गराउन घरघरमा एजेण्ट खटाउँछन् । जनताहरू बिरामी हुँदा काम लाग्छ भनेर ३५ सय रूपैयाँ तिरेर बिमा गराउँछन् ।

– **रुषा थापा**, भक्तपुर



**भक्का पकाउदै** ▌ झापाको दमक नगरपालिका–८ सेतुमारी रोडमा बच्चा बोकेर बिक्रीका लागि भक्का पकाउँदै महिला । *तस्बिर: रासस*

# फापरखेतको पहिरोको विकल्पमा बेलिब्रिज बनाउने योजना अन्योलमा

**म्याग्दी–** म्याग्दीको पश्चिमी क्षेत्रका तीनवटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी–दरवाङ सडकको मुख्य चुनौती बनेको फापरखेतको पहिरोको विकल्पमा बेलिब्रिज निर्माण गर्ने योजना अन्योलमा परेको छ ।

फापरखेतको पहिरोको विकल्पमा मंगला गाउँपालिका–३ पखेर र २ सिमलचौर जोड्ने म्याग्दी नदीमाथि मोटरेबल पुल निर्माणका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा एक करोड रूपैयाँ बजेट विनियोजन गरे पनि कार्यान्वयनमा अन्योल भएको हो । म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले संघीय सरकारले बेलिब्रिज उपलब्ध गराउन ढिलाइ गर्दा बेलिब्रिज बनाउने योजना अन्योलमा परेको बताए ।

'प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले दुई वर्षअघि संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात ब्यवस्था मन्त्रालयलाई ५५ मिटर लामो जगेडा बेलब्रिज मागेको थियो,' उनले भने, 'संघीय सरकारले बेलिब्रिज उपलब्ध गराउने, प्रदेश सरकारले जडान गर्ने र पहुँचमार्ग बनाउने



समझदारी कार्यान्वयन नहुँदा समस्या भएको हो ।'

प्रतिनिधिसभाका निवर्तमान सांसद खमवीर गर्बुजाले ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री हुँदा बेलिब्रिज व्यवस्थापनका लागि भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयसँग समन्वय गरिरहेका थिए । 'बेलब्रिज प्रदेश सरकारलाई हस्तान्तरण गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा जेन–जी आन्दोलनसँगै सरकार परिवर्तन भयो,' गर्बुजाले भने, 'पछिल्लो सरकार बनेपछि पनि बेलिब्रिजका लागि निरन्तर पहल गरे पनि उपलब्धि हुन सकेको छैन ।'

बेनी नगरपालिका–४ र मंगला गाउँपालिका–२ को सिमानामा पर्ने फापरखेतमा सडकमुनि म्याग्दी नदी छ भने माथितिर ठूलो पहिरो छ । वि.सं. २०६० अघि मार्ग खुलेको सडक निर्माण भएदेखिकै हरेक बर्खायाममा वर्षा हुनेबित्तिकै पहिरो खस्ने र २४ किलोमिटर दूरीको बेनी–दरवाङ सडकमा सीधा यातायात सेवा बन्द हुने गरेको छ । यसले दुर्घटनाको जोखिम बढाएको छ ।

माथिबाट पहिरो खसिरहने र साँघुरो उक्त ठाउँको सडकबाट पछिल्लो दुई महिनामा दुई वटा मालवाहक ट्रक म्याग्दी नदीमा खसेर दुर्घटना भएको छ । मंगला, मालिका र धौलागिरि गाउँपालिकालाई बेनी बजारसँग जोड्ने बेनी–दरवाङ सडक बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्छन् ।

स्थानीयवासीलाई आवतजावत, बिरामीलाई अस्पताल पुऱ्याउन, दूध, तरकारी, फलफूल बजार लैजान, दैनिक उपभोग्य र निर्माण सामग्री ढुवानी गर्न समस्या भएको मंगला गाउँपालिका–२ सिमका ध्रुव खत्रीले बताए । 'साँघुरो सडकमा गुडिरहेका सवारीसाधनमाथि पहिरो खसेर चोटपटक लाग्ने, सवारीसाधनमा क्षति पुग्ने गरेको छ,' उनले भने, 'जुनसुकै बेला पहिरो खस्ने खतरा भएकाले यात्रा गर्न जोखिम छ ।'

म्याग्दी नदीमा निर्माणाधीन तीनवटा जलविद्युत् आयोजना र डाडाखेत राहुघाट सवस्टेसन तथा प्रसारणलाइन, सडक, भवन, खानेपानी, सिँचाइलगायत विकास आयोजनाहरूमा पनि पहिरोका कारण असर परेको छ । *रासस*

## सुनकोशीमा 'रबरबोट'को सहारा

# ज्यान जोखिममा राखेर विद्यालय पुग्छन् ढेबुवाका विद्यार्थी

**ओखलढुंगा–** ओखलढुंगाको ढेबुवाका स–साना विद्यार्थीहरू 'रबरबोट'को भरमा दैनिक सुनकोशी नदी पार गरेर सिन्धुलीका विद्यालयमा पढ्न जान बाध्य छन् । ओखलढुंगाको सुनकोशी गाउँपालिका–१ र सिन्धुलीको फिक्कल गाउँपालिका–६ जोड्ने झोलुंगे पुल गत वर्ष असोजको बाढीले बगाएपछि ढेबुकाका २६ जना विद्यार्थी रबरबोट चढेर जोखिम मोल्दै सुनकोशी नदी पार गरेर पढ्न जान बाध्य भएका हुन् ।

गाउँमा राम्रो पढाइ हुने विद्यालय नभएका कारण ढेबुवा र जेरुङघाटका विद्यार्थीहरू छिमेकी जिल्ला सिन्धुलीको फिक्कल गाउँपालिकाका रत्नगंगा मावि र आधारभूत विद्यालय राईगाउँ तीनखण्डेमा पढ्दै आएका छन् । बाढीले पुल बगाएपछि विद्यार्थीहरू लामो समय पढाइबाट वञ्चित भएका थिए । केही समय अगाडि गृह मन्त्रालयबाट बोट ल्याएर पालिकाको व्यवस्थापनमा सञ्चालन गरेर विद्यार्थीलाई सुनकोशी तार्ने गरिएको रत्नगंगा माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष रोशन भण्डारीले बताए । बोटबाट विद्यार्थी तार्ने काम जोखिमपूर्ण र अस्थायी भएकाले स्थायी समाधानका लागि पुल निर्माणको माग गरिएको उनको भनाइ छ ।

ओखलढुंगाका जनप्रतिनिधिले आफ्ना क्षेत्रका विद्यार्थीको समस्या समाधानमा पहल नगरेको उनको भनाइ छ । 'अर्को जिल्ला, अर्को प्रदेशका विद्यार्थी भए पनि हाम्रो विद्यालयमा पढ्ने बालबालिका गत असोजको बाढीले पुल बगाएपछि पढाइबाट वञ्चित भए । लामो समयसम्म त्यो जिल्लाका सांसद रामहरि खतिवडा र सुनकोशी गाउँपालिकाका अध्यक्ष कमल तामाङसँग समन्वय गर्न खोजियो तर उहाँहरूले वास्ता नगरेपछि गृह मन्त्रालयबाट रबरबोट ल्याइयो, फिक्कल गाउँपालिकाको व्यवस्थापनमा बोट सञ्चालन गरेर विद्यार्थीलाई विद्यालय ल्याउने लैजाने गरिएको छ,' अध्यक्ष भण्डारीले भने, 'जोखिमपूर्ण अवस्था छ तर विकल्प छैन, त्यसैले दिगो समाधान भनेकै ढेबुवा र तीनखण्डे जोड्ने पुल निर्माण हो त्यसका लागि पनि हामीले माग गरिरहेका छौं ।' उनका अनुसार सुनकोशी पारिका विद्यार्थीलाई मौसम हेरेर नदीमा बाढी आउने–नआउने आकलन गरेर विद्यालय ल्याउनुपर्ने र दिउँसो बाढी आए त्यो बेलुका सिन्धुलीमै बसोबासको प्रबन्ध मिलाउने गरिएको छ ।

विद्यार्थी ओसारपसारका लागि सुनकोशीमा बोट चलाउन फिक्कल गाउँपालिकाले सुरुदेखि नै एक जना कर्मचारी राखेको थियो । सुनकोशी गाउँपालिकाले पनि एक जना कर्मचारी राखेर तलब दिने आश्वासन दिएको छ । बाढीले पुल बगाएपछि विद्यार्थीलाई विद्यालय ल्याउन अस्थायी विकल्पका रूपमा रबरबोट सञ्चालन गरिए पनि तीनखण्डेमा पुल निर्माणको पहल भइरहेको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालले बताए । तालिमप्राप्त कर्मचारी राखेर रबरबोट सञ्चालन गरी छिमेकी जिल्लाका विद्यार्थीलाई विद्यालय जाने र त्यस क्षेत्रका स्थानीय नागरिकलाई समेत नदी पार गर्न सहयोग गरिएको उपाध्यक्ष बरालको भनाइ छ ।

'हाम्रो बाध्यता र कार्यक्षेत्रभित्रको समस्या होइन, यद्यपि छिमेकी जिल्ला भएपछि र विगतदेखि हाम्रै विद्यालयका विद्यार्थी भएकाले ती अबोध बालबालिका लामो समय पढाइबाट वञ्चित भएको देखेर वैकल्पिक व्यवस्था गरी विद्यालय ल्याउने र घर फर्काउने गरिएको छ,' उपाध्यक्ष बरालले भने, 'तीनखण्डेमा पुल निर्माणको पहल गरिरहेका छौं । सबैको काम पनि भइसकेको छ तर सरकार परिवर्तन भएसँगै यो योजना ओझेलमा परेको छ ।' पुल निर्माणका लागि निरन्तर पहल गरिरहेको उनको भनाइ छ ।

सुनकोशी नदी किनारमा बिहान ५:०० बजेदेखि नै विद्यार्थीहरू भेला हुन्छन् । बालकक्षादेखि १२ कक्षासम्म पढ्ने विद्यार्थी भएकाले एसइईको तयारीमा रहेका विद्यार्थीहरू बिहान कोचिङ पढ्न आउने र अन्य विद्यार्थी ९:०० बजे सुनकोशी किनारमा आउने गरेका छन् । विद्यार्थी तार्न तीनवटा बोट राखिएको छ । जोखिमपूर्ण हुने भएकाले उमेर समूहअनुसार पालैपालो बोटमा राखेर सुरुमै अनुशासनमा बस्न, नहल्लिन, नचल्न निर्देशन दिएर नदी तारिन्छ ।

बाढीले पुल बगाएपछि १० मिनेटको बाटो दुई घण्टा लगाएर छिमेकी जिल्ला विद्यार्थीहरू घुमेर विद्यालय आउनुपर्ने बाध्यता अन्त्य गर्न बोट सञ्चालनपछि सहज भएको फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर रजनमगरले जानकारी दिए । बोटमा आउने कोशीपारिका विद्यार्थीलाई विशेष प्राथमिकतामा राखेर दिवाखाजा, छात्रवृत्तिजस्ता कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गरिएको उनको भनाइ छ ।

रबरबोट (डुंगा) सञ्चालन भए पनि बर्सात्को समयमा भने जोखिम हुने भएकाले तत्काल पुल निर्माण गर्न स्थानीयले माग गरिरहेका छन् । छोराछोरी विद्यालय पठाउन सुनकोशी नदी किनारसम्म आएका अभिभावक विद्यार्थी बोट चढेपछि पारि नपुग्दासम्म र साँझ फर्किने बेला वारी नआउँदासम्म पिरमा बस्ने गरेका छन् । 'नानीबाबुलाई खोलामा हेलाएर टुलुटुलु हेर्नुपर्छ । आधा भाग कटेर पारि पुगेपछि ढुक्क हुन्छ, फेरि बेलुका फर्किने बेला उस्तै पिरलो हुन्छ,' जेरोङघाटकी चन्द्रकुमारी माझीले भनिन्, 'ढुंगामा बोट ठोकिँदा पनि नानीहरू डराएर चिच्याउँछन् कराउँछन् । त्यो बेला भक्कानु छुटेर आउँछ । भगवान् पुकार्दै छोराछोरी पढाउन पठाउँछौं ।' *रासस*

# टोखाभित्रका मुख्य सडकमा जोडियो 'स्मार्ट सडकबत्ती'

**काठमाडौं (प्रस)–** टोखा नगरपालिकाभित्रका मुख्य सडकमा 'स्मार्ट सडकबत्ती' जडान गरिएको छ । टोखा नगरपालिकाको ६५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ३५ प्रतिशत लगानीमा स्मार्ट सडकबत्ती जडान गरिएको हो ।

स्मार्ट सडकबत्तीको शुभारम्भ गर्दै नगरप्रमुख प्रकाश अधिकारीले उज्यालो टोखा निर्माण गर्ने आफ्नो प्रतिवद्धता पूरा भएको बताए । उनका अनुसार सामाखुसीदेखि झोर, नयाँ बसपार्कदेखि भत्केको पुल, साउथ वेस्टन कलेजदेखि धापासी हाइट र दाहालगौंडादेखि ग्रीनल्याण्ड क्षेत्रमा स्मार्ट सडकबत्ती जडान गरिएको छ ।

टोखा नगरपालिकाले २०८१ पुस २४ गते टोखाभित्रका मुख्य सडकमा यातायात व्यवस्था प्रभावकारी बनाउन र शान्ति सुरक्षा कायम गर्न तथा सामाजिक सुरक्षालगायतका सेवा सुविधालाई चुस्त दुरुस्त राख्न सडकबत्ती जडान गर्न नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता गरेको थियो । उक्त सम्झौतामा टोखामा सडकबत्ती जडान गर्न नगरपालिकाले ६५ प्रतिशत र प्राधिकरणले ३५ प्रतिशत रकम व्यहोर्ने उल्लेख गरिएको थियो । जसमा टोखा नगरपालिकाले दुई करोड ८४ लाख ८३ हजार रूपैयाँ र प्राधिकरणले एक करोड ५३ लाख ३७ हजार रूपैयाँ लगानी गर्ने उल्लेख थियो ।

सडकबत्ती जडान गर्न प्रविधिको छनोट, बोलपत्रमार्फत खरिद कार्य सम्पन्न तथा निर्माण कार्यको सुपरीवेक्षणलगायत कार्य प्राधिकरणले गर्ने सम्झौतामा उल्लेख थियो । नगरपालिकाको स्वामित्वमा रहेका सोलार, सडकबत्ती जडित खम्बामा नयाँ स्मार्ट सडकबत्ती जडान गर्नुपर्ने भएमा नगरपालिकाले आफ्नै खर्चमा हटाइदिने, नगरपालिकाले सडकबत्ती उपयोग गरेबापत प्राधिकरणलाई तिर्नुपर्ने बाँकी बक्यौता रकम कानुनबमोजिम तिर्ने, सडकबत्तीको प्रयोग गरेबापतको रकम मासिकरूपमा प्राधिकरणलाई भुक्तानी गर्ने सम्झौतामा उल्लेख थियो ।


# Purchaudi Municipality

**Office of the Municipal Executive**
**Hat, Baitadi**
**Sudurpaschim Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication: - 2082/08/21 (7 Dec, 2025)**

1) The Purchaudi Municipality, Office of the Municipal Executive, Hat, Baitadi, Sudurpashchim Province, Nepal, has allocated funds towards the cost of following projects given in the table below and intends to apply part of the funds to cover eligible payments for the Contracts as given in the following table. Bidding is open to all eligible Nepalese bidders as per Section V of bidding document.
2) Purchaudi Municipality, Office of the Municipal Executive, Hat, Baitadi invites electronic bids from eligible bidders for the Contracts given in the following table under National Competitive Bidding (NCB)– Single Stage Two Envelope Bidding procedures. Bidders shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained.
3) The Summery of Contract is Given Bellow.

| S. N. | Contract ID | Project Name | Minimum Work Experience of Similar Size & Nature: Single Entity or All Partners Combined in case of JV | Estimated Cost (Without VAT & PS) | Average annual Construction Turnover (AACT) | Bid Security Amount (NRS) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| 1. | PNP/BTD/NCB/Work/03/2082/083 | Construction & Upgrading of Rujkot-Talladehi Sadak Purchaudi Municipality 8 & 9 Baitadi | Participation as Prime contractor, management contractor, or subcontractor, in at least One (1) Contract with in the last Ten (10) years, with a value of at least NRs 80,00,000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works. | 1,95,86,689.6 | 3,00,00,000.00 | 5,52,000.0 | 5,000.0 |

4) Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5) Eligible Bidders may obtain further information at the Purchaudi Municipality, Office of the Municipal Executive, Hat, Baitadi, and inspect the Bidding Documents from PPMO e-GP system http/www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

रूपशाला


### 'मिरमिरे'को टिजर सार्वजनिक

यम शेर्पाको लेखन तथा निर्देशन रहेको चलचित्र 'मिरमिरे'को टिजर सार्वजनिक गरिएको छ। माघ १ गतेबाट प्रदर्शनमा आउने चलचित्रको टिजरमा बाबा र छोरीको इमोस्नल सम्बन्ध देखाइएको छ। आमाको अनुपस्थितिमा बुवासँग रहेकी छोरी र उनीहरूबीचको इमोस्नल सम्बन्धको कथा टिजरमा देख्न सकिन्छ। बुवाको भूमिकामा दयाहाङ राई छन्, जसले छोरी (शाइसा गौचन)को लालनपालन र शिक्षाको जिम्मेवारी उठाएका छन्। यसका लागि उनी स्कुलमा काम गर्छन्। छोरीले जानअन्जानमा नै आमाको अभावको महसुस गरिरहेकी छन्। यो दयाहाङले पनि महसुस गरेका छन्।





# पाँचवीर थुलुङ राईको 'जीवनका जङ्घार' लोकार्पण

■ प्रभाव संवाददाता




**काठमाडौं–** खोस्का सिरङमा समूहद्वारा आयोजित पाँचवीर थुलुङ राईद्वारा लिखित 'जीवनका जङ्घार' कृति लोकार्पण भएको छ।

शनिबार काठमाडौंस्थित म्हेपी पारिजात स्मृति केन्द्र हलमा पूर्व रक्षामन्त्री मानवीर राईको प्रमुख आतिथ्य तथा खोस्का सिरङमा समूहका अध्यक्ष बाडेन थुलुङ राईको सभापतित्वमा उक्त पुस्तक लोकार्पण भएको हो। सो पुस्तकभित्र ८५ वर्षिया पाँचवीर थुलुङका जीवन भोगाइका क्रममा दुःख, सुखका अनुभव र अनुभूतिहरू सङ्गालेका आत्मावृतान्त कथालाई 'जीवनका जङ्घार' नामक पुस्तकको रूपमा ल्याएको हो।

सो पुस्तक लेखक स्रष्टाका नातिनि पुज्जा राईले प्रकाशनमा ल्याएको हो। प्रकाशक राईले भनिन्-'जहाँ म आफ्नो (बेबे) बाजेको जीवनलाई नै एउटा पुस्तकको रूपमा देखिरहेकी छु। जीवनका जङ्घार नामक यो दस्तावेज केवल आत्माकथा मात्र होइन, यो त संघर्षको सङ्गीत हो। समाज परिवर्तनको गाथा हो र शिक्षामा सुधार ल्याउन गर्नुभएको दस्तावेजिकरण हो। जुन बाजेले जीवनभर गाउँ र समाजका लागि गुनगुनाइरहनु भयो। शिक्षामा परिवर्तन गर्न सरकारी कार्यालयहरू ढकढकाइरहनु भयो।'

यसैगरी शुभकामना मन्तव्यको क्रममा पुस्तक लोकार्पणका प्रमुख अतिथि तथा पूर्वरक्षामन्त्री मानवीर राईले भने- 'सोलुखुम्बु जिल्लामा जन्मनु भई न्यून साक्षरता रहेको तत्कालीन समयमा समेत शिक्षाको रूपमा शिक्षाको उज्यालो बाँड्न योगदान पुऱ्याउनु भएका पाँचवीर थुलुङ राईले 'जीवनका जङ्घार' नामक पुस्तक हामीमाझ ल्याउनुभएकोमा अत्यन्तै हर्षित छु। शिक्षाको माध्यमबाट समाज रूपान्तरणमा पुऱ्याउनु भएको योगदान अविस्मरणीय रहनेछ। यहाँले अक्षरको माध्यमबाट जिल्लालाई उज्ज्यालो दिनुभएको छ। समयको पदचापले जीवनको उत्तरार्द्धमा ल्याइपुऱ्याए पनि पाँचवीर थुलुङको क्रियाशीलता उदाहरणीय रूपमा रहेको कार्यप्रति म मुक्तकण्ठले प्रशंसा गर्दछु।'

शुभकामना मन्तव्यकै क्रममा डा. सुकराज राईले भने- 'पाँचवीर थुलुङ, थुलुङ वंशका अद्वितीय पुरुष हुनुहुन्छ। थुलुङले लामो समयसम्म गाउँका विद्यालयमा शिक्षण गरी शिक्षणको उज्यालो चिराक बालेर जनचेतना फैल्याउने कार्य गर्नुभएको छ। यतिमात्र नभई थुलुङ भाषा, संस्कृति र संस्कार सम्बन्धी थुलुङ भाषाको शब्दकोश निर्माणमा उल्लेखनीय भूमिका रहेको छ। थुलुङ समुदायमा हराउँदै गएको भाषा, संस्कार र संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका लागि उहाँ थुलुङले गाउँगाउँमा गएर प्रशिक्षण गर्नुभएको छ, यो थुलुङ समुदायको हितको कार्य हो। निस्वार्थी, त्यागी, समाजसेवी, सहयोगी, शिक्षाप्रेमी, भाषा, संस्कार एवम् संस्कृतिप्रति अनुरागी पाँचवीर थुलुङ समाजको आदरणीय एवम् अनुकरणीय व्यक्ति हुनुहुन्छ।'

यसैगरी शुभकामना मन्तव्यमा थुलुङ दुधकोशी गाउँपालिका प्रमुख असिम राईले भने-'पाँचवीर थुलुङ हाम्रो ऐतिहासिक धरोहर व्यक्ति हुनुहुन्छ। उहाँको हरकार्यहरू स्मरणीय छन्। उहाँ हाम्रो जिउँदा इतिहास हुन्। उहाँको मानमर्यादा गर्नु हाम्रो कर्तव्य हो। उहाँलाई हामीले अभिनन्दन गर्नुपर्छ। आजको आयोजक संस्थाले उहाँको कार्यहरूको टिकाटिप्पणी मूल्याङ्कन गरी अभिनन्दन कार्यमा जुट्नका लागि अगाडि बढ्न आग्रह गर्दछु, र केही लागत खर्चहरूमा स्थानीय गाउँपालिका पनि साथसहयोग गर्न तयार रहनेछ। पाँचवीर थुलुङ हाम्रो शिक्षाको अग्रज अभिभावक हुनुहुन्छ।'

यसै पुस्तक लोकार्पणको समीक्षक दामोदर ढकाल 'दीपक'ले भने- 'जीवन भोगाइका क्रममा जीवनका रोमाञ्चक प्रसङ्गहरूले जो कोहीलाई बाँधेर राख्छ, जुन कुरा पाँचवीर थुलुङका 'जीवनका जङ्गार' भित्र पाइन्छ, लेखक थुलुङले आफ्नो जीवनलाई आदर्शको लेप दलेर यथार्थलाई लुकाउनु भएको छैन, ऐनाजत्तिकै प्रस्ट देखिनु भएको छ। कोही कसै कलम चलाउनेहरू आफ्ना जीवनका घटनालाई लुकाएर आदर्शवान् बन्न खोज्छन् तर पाँचवीर थुलुङ कुनै पनि प्रसङ्ग नलुकाइने आदेश पात्रको रूपमा स्थापित भएको देखिन्छ। आफ्नो व्यक्तिगत कुरादेखि घरपरिवारको सबै नालीबेली प्रसङ्गहरूलाई उक्त पुस्तकमा समेट्नु भएको छ। विद्यालय र समाजसेवामा आफ्नो जीवनको ऊर्जावान समय, शक्ति र क्षमता, दिनुभएको छ। आफ्नो पितापूर्खाको संस्कार, संस्कृति र परम्परालाई जीवन्त राख्नुपर्छ भन्ने एक पितृभक्त व्यक्तित्व हुनुहुन्छ। उहाँले सबै घरव्यवहार त्यागेर थुलुङ शब्दकोश र थुलुङ व्याकरण प्रकाशन कार्य सम्पन्न गर्नुभयो। यसर्थ थुलुङ एक सिद्धपुरुषको रूपमा थुलुङ समुदायमा स्थापित बन्नुभएको छ।' यसरी समीक्षक ढकालले पाँचवीर थुलुङ समाज र राष्ट्रको एउटा दस्तावेज र एउटा युगपुरुषले बाँचेको युगको कथा हो भनेर समीक्षा गरेका थिए।

यसैगरी अर्का समीक्षक जीवनजित राई (एस खम्बू)ले भने- 'शिक्षक भनेको समाजको आँखाको उज्यालो हो। उहाँहरू ज्ञानको मात्र होइन चेतनाको भण्डार र भविष्यका शिल्पी पनि हो।'

यस पुस्तकमा जीवनी केवल व्यक्तिगत कथा मात्र होइन, गाउँको शिक्षा र सामाजिक विकासको इतिहास समेटिएको छ। यसमा थुलुङको बाल्यकालको संघर्ष, शिक्षक बन्ने यात्रा, विद्यालयको पुननिर्माण कथा र समाज परिवर्तनका घटनाहरू समेटिएका छन्। अर्को कुरा शिक्षकको काम किताबको पाना पल्टाउने मात्र होइन। युवा पुस्ताको भविष्य पल्टाउने पनि हो। शिक्षक इमानादार, समर्पित र सृजनशील भए, उनीहरू आफ्नो समाजको भाग्य पनि बदल्न सक्छन्। विद्यालयमा विषयसँगै जीवनका पाठहरू पनि शिक्षकले सिकाउनुपर्छ र सङ्कटमा हार मान्ने होइन, कसरी स्रोत नहुँदा पनि उपाय निकाल्ने कसरी समुदायलाई एउटै लक्ष्यमा पुऱ्याउने भन्ने पाँचवीर थुलुङको जीवन भोगाइले सन्देश दिएको छ। थुलुङको जीवन भोगाई चलचित्रको कथावस्तु बन्न लायकको छ' भन्दै समीक्षक जीवनजित राईले पाँचवीर थुलुङ राईको 'जीवनका जङ्घार' पुस्तकको समीक्षा गरेका थिए।

'जीवनका जङ्घार' नामक पुस्तक लोकार्पण उद्घाटन कार्यक्रम प्रमुख अतिथि तथा पूर्वरक्षामन्त्री मानवीर राई र संस्था अध्यक्ष बाडेन थुलुङ राईको संयुक्तरूपमा द्वीप प्रज्वलनबाट कार्यक्रम सुरु भएको थियो।

कार्यक्रम उद्घाटनपछि औपचारिक रूपमा राष्ट्रिय गान, स्रष्टा/लेखकलाई फेटामाल्र्यापण, अतिथिहरूलाई फुर्का अर्पण, शुभकामना मन्तव्य, कृति/पुस्तकसम्बन्धी जानकारी, सामूहिक रूपमा पुस्तक लोकार्पण, धन्यवाद ज्ञापन/सम्मान, पुस्तक समीक्षा आदि कार्य गरिएको थियो। जीवनका जङ्घार' नामक पुस्तक लोकार्पण कार्यक्रममा स्वागत मन्तव्य त्रिलोक सिं राईले गरेका थिए भने उक्त कार्यक्रमको सञ्चालन रामकुमार राईले गरेका थिए।

# फल्चामा गुञ्जिए नारायणगोपाल र झलकमानका गीत

**गण्डकी (प्रस)–** इँटा र काष्ठकलाले सजिएको फल्चा। सारंगी र मादलसहित दौरासुरुवालमा ठाँटिएर फल्चामा लहरै बसेका बालकलाकार। साँझपख बत्तीको उज्यालोमा देखिएको यो दृश्य मनमोहक थियो।

पोखरा महानगरपालिका-९ महेन्द्रपुलस्थित फल्चामा उक्त साँझ अघिपछिको भन्दा बेग्लै चहलपहल थियो। 'स्मृतिमा झलकमान र नारायणगोपाल साँझ' कार्यक्रमले मानिसहरूलाई फल्चामा जुटाएको थियो। मौलिक लोकबाजासहित बालकलाकारको प्रस्तुति सुन्न र हेर्न दर्शकहरू लालयित देखिन्थे।

स्वरसम्राट नारायणगोपाल र लोकगायक झलकमान गन्धर्वको स्मृति दिवसको सन्दर्भ पारेर उक्त सांगीतिक साँझको आयोजना गरिएको थियो। बर्सेनि मङ्सिर १९ गते नारायणगोपाल र मङ्सिर ६ गते झकलमानको स्मृति दिवस मनाउने गरिन्छ। पोखराको रेडियो अन्नपूर्णले झलकमान गन्धर्व सारंगी पाठशालासँगको सहकार्यमा मौलिक स्वरूपमा यो कार्यक्रम गरेको हो। पाठशालाका बालकलाकारले खचाखच दर्शकमाझ नारायणगोपाल र झलकमानका गीत सुनाए। उनीहरूको गायन र वाद्यवादन कला हेरेर दर्शकदीर्घाले ताली र हौँसला दिएका थिए।

सारंगी र मादलको धुनमा स्वरस्रमाट नारायणगोपालका गीत पृथक सुनिएका थिए। उनीहरूले नारायणगोपालका 'केही मिठो बात गर...'लगायत चर्चित गीत सुनाए। 'आमाले सोध्लिन् नि...'बाट गाउन सुरु गरेका बालकलाकारले झलकमानका 'रामराम राम गए वनैमा...', 'राधा पियारीको...'को आदि गाए। बालकलाकार अविरल, शैलेश, क्रिस, दिपेश, सागर, प्रताप, युनिश, संस्कार, रेवाज, सम्पूर्ण र आविष्कारले प्रस्तुती राखेको पाठशालाका प्रशिक्षक समिर गायकले जानकारी दिए।

नेपाली संगीत जगत्का दुई मुर्ध्यन्य प्रतिभाको स्मृति दिवससँगै रेडियो अन्नपूर्णको रजत वर्षको अवसर पारेर 'स्मृतिमा झलकमान र नारायणगोपाल साँझ' आयोजना गरिएको रेडियोका स्टेशन म्यानेजर सञ्जयकुमार मल्लले बताए। कार्यक्रमको पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी र कवि एवं संस्कृतिकर्मी तीर्थ श्रेष्ठले शुभारम्भ गरेका थिए।

सारंगी पाठशालाका प्रतिभाको सम्मानसहित थप अवसर सिर्जना गर्ने प्रयास स्वरूप कार्यक्रममा वडा कार्यालयले पनि सहकार्य गरेको वडाध्यक्ष मर्सानीले बताए। उनले कला, संगीत र साहित्यको श्रीवृद्धिका लागि हातेमालो गर्न महानगरपालिका र वडा कार्यालय सँधै तयार रहेको बताए। कवि एवं संस्कृतिकर्मी श्रेष्ठले गायक नारायणगोपाल र झलकमानको व्यक्तित्व र योगदानबारे चर्चा गरेका थिए। कार्यक्रममा कला तथा संगीतप्रेमी दर्शकको बाक्लो उपस्थिति थियो।



एनएसए कप च्याम्पियनसिप

# पहिलो दिन तीन राष्ट्रिय कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पौडी संघको आयोजनामा भएको १३ औं एनएसए कप च्याम्पियनसिपको पहिलो दिन तीन राष्ट्रिय कीर्तिमान कायम भएको छ।

शनिबार भएको १५०० मिटर फ्रिस्टायलमा जेम्सका कल्किन श्रेष्ठले १७ मिनट ०५ . ६४ सेकेन्ड समयका साथ राष्ट्रिय कीर्तिमानमा आफ्नो नाम लेखेका हुन्। यसअघि नासिर याहा हुसेनको नाममा १७ मिनट ४९.९५ सेकेन्ड समयको कीर्तिमान कायम थियो। हुसेनले उक्त कीर्तिमान काठमाडौंमा भएको १३ औं सागमा कायम गरेका थिए।

यस्तै अर्को कीर्तिमान २०० मिटर फ्रिस्टायलमा भएको थियो। उक्त दुरी १ मिनट ५६.२७ सेकेन्ड समयका साथ पुरा गर्दै नेपाल पुलिस क्लबका इरभिन श्रेष्ठले आफ्नो नाम लेखाए। यस अघि नासिको नाममा १ मिनट ५८.३० सेकेन्ड समयको कीर्तिमान थियो। उनले १५ औं फिना वर्ल्ड पौडी च्याम्पियनसिपमा कीर्तिमान राखेका थिए।

यसैगरी अर्को कीर्तिमान सौर्यन बहादुर सिंहले १०० मिटर बटरफ्लाईमा राखे। सिंहले उक्त दुरी ५८.६४ सेकेन्ड समयका साथ कीर्तिमान राखेका हुन्। यसअघि अजल काजी ताम्रकारले ललितपुरमा भएको पहिलो नेपाल एक्वाटिक्स च्याम्पियनसिप २०२४ मा ५९.१७ समयको कीर्तिमान राखेका थिए।

शनिबार च्याम्पियनसिपमा १४ स्वर्णको छिनोफानो भएको छ। १५०० मिटर फ्रिस्टायलमा नेपाली सेनाको आर्मी क्लबका सनिल कुमार थापा मगर दोश्रो र जेम्सका मायोन श्रेष्ठ तेश्रो भए।

२०० मिटर फ्रिस्टायलमा बिहान भएको हिट चरणमा राष्ट्रिय कीर्तिमान कायम गरेका नेपाल पुलिस क्लबका इरभिन श्रेष्ठले फाईनलमा १ मिनट ५७.६० सेकेन्ड समयका साथ पहिलो स्थान हात पारे। दोश्रो स्थानमा जेम्सका कल्किन श्रेष्ठ र तेश्रो स्थानमा सुदुरपश्चिम प्रदेशका अथर्व सिंह रहे।

१०० मिटर बटरफ्लाईमा दोश्रो स्थानमा नेपाल पुलिसका अशिम भण्डारी र तेश्रो स्थानमा नेपाली सेनाको आर्मी क्लबका अभिभ प्रधान रहे। २०० मिटर ब्रेष्ट स्ट्रोकमा सुदुरपश्चिमका अभर्व सिंहले २ मिनट ३१.७० सेकेन्ड समयका साथ पहिलो भए। दोश्रो स्थानमा कोशी प्रदेशका बिकास कुमाल भए भने तेश्रो स्थानमा आर्मीका आरभ अग्रवाल रहे।



५० मिटर ब्याक स्ट्रोकमा नेपाल एपिएफका जेडन श्रेष्ठले २८.३३ सेकेन्ड समयका साथ स्वर्ण पाए। आर्मीका रेवन्त बहादुर श्रेष्ठले रजत र एपिएफका निर्भय थापाले कास्य पाए। ५० मिटर फ्लाईमा नेपाल पुलिसका अशिम भण्डारीले २६.७७ सेकेन्ड समयका साथ स्वर्ण हात पार्दा आर्मीका अभिभ प्रधानले रजत र कोशीका बिकास कुमालले कास्य हात पारे।

२०० मिटर महिला तर्फ नेपाल पुलिस क्लबकी अध्याश्री जोशीले ३ मिनट ४.०७ सेकेन्ड समयमा दुरी पार गर्दै स्वर्ण जितिन्। न्यू मिलेनियमकी प्राज्ना ताम्राकारले रजत र नेपाल पुलिस क्लबकी मेधावी के.सी.ले कास्य हात पारे। ४०० मिटर फ्रिस्टायलमा आर्मीकी मिखा थापाले स्वर्ण जितिन्। उनले उक्त दूरी ४ मिनट ४८.८४ सेकेन्ड समयमा पुरा गरिन्। एपिएफकी आर्या महर्जनले रजत र पुलिसका लुना श्रेष्ठले कास्य पाए।

५० मिटर ब्याक स्ट्रोकमा आर्मीकी मिखा थापाले ३२.३८ सेकेन्ड समयका साथ स्वर्ण जित्दा एपिएफकी आर्या महर्जनले रजत र पुलिसका लुना श्रेष्ठले कास्य जिते। १०० मिटर फ्लाईमा नेपाल पुलिस क्लबकी देवांशी जोशीले १ मिनट १२.९६ सेकेन्ड समय लगाउँदै स्वर्णमा नाम लेखिन्। मिल्स वेरीकी सिशोम्बु राईले रजत र आर्मीकी आभा बैद्यले कास्य जिते। २०० मिटर फ्लाईमा आर्मीकी मिखा थापाले स्वर्ण जितिन्। थापाले उक्त दूरी २ मिनट १६.५६ सेकेन्ड समय लगाईन्। नेपाल पुलिसकी इभाना श्रेष्ठले रजत र जेम्सकी श्रेया महर्जनले कास्य जिते। ५० मिटर फ्लाईमा आर्मीकी मिखा थापाले ३०.९० सेकेन्ड समय लगाउँदै स्वर्ण जितिन्। नेपाल पुसिलका देवांशी जोशी र लुना श्रेष्ठले रजत र कास्य हात पारे।

५० मिटर गुणा ४ फ्रिस्टायल रिलेमा पुरुष तर्फ नेपाल आर्मी क्लबले स्वर्ण जित्यो। अभिभ प्रधान, सनिल कुमार थापा मगर, आरभ अग्रवाल र रेवन्त बहादुर श्रेष्ठको संयुक्त टिमले १ मिनट ४२.९१ सेकेन्ड समयका साथ दुरी पुरा गरेका थिए। नेपाल पुलिसका खेलाडीहरूले रजत र एपिएफका खेलाडीहरूले कास्य पाए। यस्तै महिला तर्फ नेपाल एफएफ पहिलो, पुलिस दोश्रो र आर्मीले तेश्रो स्थान प्राप्त गऱ्यो। एपिएफका रोशी न्यौपाने, जोया थापा, बैनभी श्रेष्ठ र आर्या महर्जनको टिमले २ मिनट १.१३ सेकेन्ड समयका साथ स्वर्ण जितेका थिए।

च्याम्पियनसिपको राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव राम चरित्र मेहताले उद्घाटन गरेका थिए। च्याम्पियनसिपमा ३१ स्वर्ण पदकका लागि १८३ खेलाडीहरूले प्रतिस्पर्धा गरिरहेका छन्। जसमा ७७ महिला र १०६ पुरुष खेलाडीहरू रहेका छन्।

एनपिएल २०२५

# लिगको अन्तिम खेल आज

## विराटनगरसँग हाऱ्यो सुदूरपश्चिम




■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल)को लिग चरणको अन्तिम खेल आज (आइतबार) हुँदैछ। लिगको अन्तिम खेलमा प्रतियोगिताको प्लेअफको दौडबाट सबैभन्दा पहिले बाहिरिएको कर्णाली याक्स र पहिलो सिजनको बिजेता जनकपुर बोल्ट्स भिड्ने भएका छन्। यी दुवै टिमहरू प्रतियोगिताबाट बाहिरिइसकेका छन्।

शनिबार लिगका दुई खेल भएका थिए। लिगको छैठौं खेलसम्म अपराजित रहेको सुदूरपश्चिम रोयल्सले पहिलो पराजय ब्यहोऱ्यो। सुदूरपश्चिमलाई विराटनगर किंग्सले ६ विकेटले पराजित गर्दै क्वालिफायरमा प्रवेश गऱ्यो। विराटनगरले जितसँगै क्वालिफायरमा पुनः सुदूरपश्चिमसँगको भेट पक्का गरेको छ। सुदूरपश्चिमले दिएको १४७ रनको लक्ष्य विराटनगरले ११.५ ओभरै १५० रन बनाउँदै पूरा गरेको थियो। विराटनगरका लागि फाप डुप्लिसीले विस्फोटक ५० रनको पारी खेलेका थिए। उनले १९ बमै अर्धशतक बनाएका थिए।

त्यसअघि कप्तान सन्दीप लामिछानेको ३ विकेटको मद्दतले विराटनगरले सुदूरपश्चिमलाई १४७ रनमा रोकेको थियो।

त्यस्तै दोस्रो खेलमा प्रतियोगिताबाट बाहिरिइसकेका दुई टिम चितवन राइनोज् र पोखरा एभेन्जर्सबीचको खेलमा पोखराले बाजी मारेको थियो। पोखराका लागि पहिलो खेल खेलेका अर्जुन कुमालले उत्कृष्ट पारी खेलेका थिए। उत्तः खेलमा पोखराले चितवनलाई ८ विकेटले पराजित गरेको थियो।

अब पहिलो क्वालिफायर मंगलबार सुदूरपश्चिम र विराटनगरबीच नै हुनेछ। मंगलबारको यी दुईबीचको विजेताले फाइनल प्रवेश गर्नेछ भने पराजित टिमले इलिमिनेटरमा काठमाडौं गोर्खाज् र लुम्बिनी लायन्सबीचको विजेतासँग दोस्रो क्वालिफायर खेल्नेछ। प्रतियोगिताको प्लेअफमा सुदूरपश्चिम, विराटनगर, काठमाडौं र लुम्बिनी प्रवेश गरेका छन् भने जनकपुर, चितवन, पोखरा र कर्णाली याक्स् बाहिरिएका छन्।



दक्षिणपश्चिम चीनको गुइझोउ प्रान्तस्थित वेइनिङको यी–हुई–मियाओ स्वायत्त काउन्टीमा रहेको काओहाई राष्ट्रिय प्रकृति आरक्षमा कालो घाँटी भएका सारस र अन्य जंगली चरा। *तस्बिरः सिन्ह्वा*

# राष्ट्रसंघीय महासभाबाट प्यालेस्टाइनी पक्षका प्रस्ताव पारित




**न्युयोर्क–** संयुक्त राष्ट्रसंघीय महासभाले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) को जनादेश नवीकरणसहित प्यालेस्टाइनको पक्षका प्रस्तावहरूलाई भारी बहुमतले पारित गरेको छ।

प्यालेस्टिनी शरणार्थीहरूलाई सहयोग गर्ने सम्बन्धमा पहिलो प्रस्तावलाई १५१ देशले समर्थन गरेका थिए, भने १० वटा विरुद्धमा र १४ वटा अनुपस्थित थिए। दोस्रो प्रस्ताव युएनआरडब्लुएको सञ्चालन र तीन वर्षका लागि नवीकरण गर्ने सम्बन्धमा १४५ देशले समर्थन गरेका थिए, १० वटा विरुद्धमा थिए भने १८ वटा अनुपस्थित थिए।

प्यालेस्टिनी शरणार्थीहरूको सम्पत्ति र यसबाट प्राप्त राजस्वसम्बन्धी तेस्रो प्रस्तावलाई १५७ देशले समर्थन गरेका थिए, १० वटाले विरोध जनाएका छन् भने नौ वटा अनुपस्थित थिए। चौथो प्रस्ताव, प्यालेस्टिनी जनता र कब्जा गरिएका क्षेत्रहरूमा मानवअधिकारलाई असर गर्ने इजरायली अभ्यासको अनुसन्धान गर्ने विशेष समितिको कामको सम्बन्धमा ८८ वटाले पक्षमा, १९ वटाले विरूद्धमा मतदान गरे भने ६४ वटा अनुपस्थित रहे।

पूर्वी जेरुसेलम र कब्जा गरिएको सिरियाली गोलानसहित कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायली बस्तीहरूसम्बन्धी पाँचौं प्रस्ताव १४६ मतसहित पारित भयो। युएनआरडब्लुएका आयुक्त जनरल फिलिप लाजारिनीले युएनआरडब्लुएको जनादेशलाई तीन वर्षका लागि नवीकरण गर्न संयुक्त राष्ट्र महासभाले गरेको भारी मतदानलाई स्वागत गर्दै प्रस्तावले प्यालेस्टाइन शरणार्थीहरूसँग विश्वव्यापी ऐक्यबद्धता उजागर गर्ने जनाए।

संयुक्त राष्ट्रसंघका अधिकारीहरूले विज्ञप्ति जारी गर्दै प्रस्तावले प्यालेस्टाइन शरणार्थीहरूको मानवीय र मानव विकासको आवश्यकतालाई समर्थन गर्ने अन्तर्राष्ट्रिय समुदायको जिम्मेवारीको स्वीकृतिलाई प्रतिनिधित्व गर्ने जनाएका छन्। *रासस⁄क्युएनए*

# इण्डोनेसियामा बाढी र वर्षाले हजारौं प्रभावित



**बाण्डा अचे, इण्डोनेसिया–** इण्डोनेसियाको सुमात्रा टापुमा थप भारी वर्षाले पहिले नै बाढीबाट प्रभावित क्षेत्रलाई थप चुनौतीपूर्ण अवस्था सिर्जना गर्ने संकेत देखिएको छ। अचे प्रान्तका गभर्नर मुजाकिर मनाफका अनुसार मृतकको संख्या ८८३ भन्दा बढी हुन सक्ने सम्भावना छ, जसको मुख्य कारण भोकमरी रहेको छ।

सुमात्रा र दक्षिण तथा दक्षिणपूर्वी एसियामा आएको उष्णकटिबंधीय तूफान र वर्षाले बाढी निम्त्याएको छ। गत हप्तादेखि इण्डोनेसिया, श्रीलंका, मलेसिया, थाइल्याण्ड र भियतनाममा प्राकृतिक प्रकोपका कारण एक हजार ७७० भन्दा बढी मानिसको मृत्यु भएको छ।

इण्डोनेसियाको मौसम विभागले अचे र उत्तर सुमात्रामा पुनः वर्षाको सम्भावना रहेको जानकारी दिएको छ। यी क्षेत्रमा बाढीले सडक बगाएको, घर माटोले ढाकिएको र आपूर्ति रोकिएको अवस्था छ। गभर्नर मनाफले भने, 'टोलीहरूले अझै माटोमा शव खोजिरहेका छन्। यसैबीच, सबैभन्दा ठूलो चुनौती भोकमरी बनेको छ।'

गभर्नरले बताए, 'धेरै क्षेत्र अझै पहुँचविहीन छन्। मानिसहरू बाढीका कारण मर्दैनन्, तर भोजन अभावले पीडित छन्।' अचे टामियांग क्षेत्रमा केही गाउँ पूर्णरूपमा बाढीले प्रभावित भएका छन्।

अचेका बासिन्दा मुनावर लिजा जैनलले सरकारले तत्काल राष्ट्रिय प्रकोप घोषणा नगरी बस्दा आफूलाई निराश महसुस भएको बताएका छन्। उनले भने, 'यो असाधारण प्रकोप हो, जसका लागि विशेष उपाय आवश्यक छ। यदि राष्ट्रिय प्रकोप पछिमात्र घोषणा गरिन्छ भने त्यसको प्रभाव सीमित हुन्छ।' विश्लेषकहरूले राष्ट्रिय प्रकोप घोषणा ढिला हुनुको सम्भावित कारण अतिरिक्त विदेशी सहायता प्राप्त गर्ने प्रयाससँग सम्बन्धित हुन सक्ने सुझाव दिएका छन्। तर सरकारले स्थिति व्यवस्थापन गर्न सकिने विश्वास व्यक्त गरेको छ।

सुमात्राका अन्य भागमा बाढी फिर्ता गएको र नदीको स्तर घट्दा क्षतिको वास्तविक परिमाण स्पष्ट हुँदै गएको छ। इण्डोनेसियामा मृतकको संख्या शनिबार बिहान ८८३ पुगेको छ भने ५२० जना अझै बेपत्ता छन्। श्रीलंकामा ६०७, थाइल्याण्डमा २७६, मलेसियामा दुई र भियतनाममा दुई जनाको मृत्यु भएको छ। जलवायु परिवर्तनका कारण वर्षा अब अझ अनियमित र अप्रत्यासित भइरहेको छ। *रासस⁄एएफपी*

# दोहा फोरमः अन्तर्राष्ट्रिय सहयोग र प्रविधि नवप्रवर्तनमा केन्द्रित



**दोहा–** कतारको राजधानी दोहामा शनिबारदेखि सुरु भएको 'दोहा फोरम–२०२५' मा विश्वका नेता, उच्चस्तरीय कूटनीतिज्ञ र व्यापार विशेषज्ञहरूले सहभागिता जनाएका छन्। फोरमले गाजा संकट, युक्रेन युद्ध, स्वास्थ्य प्रणाली, प्रविधि विकास र कृत्रिम बुद्धिमत्ता (एआई) को द्रुत प्रगतिलगायत विश्वव्यापी चुनौतीहरूबारे बहसको अवसर प्रदान गरेको छ।

उद्घाटन समारोहमा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जस्सिम अल थानीले भने, 'कतारको भूमिका संवाद र मध्यस्थता कायम राख्न केन्द्रित छ। हामी कुनै पक्षको समर्थन नगरी, संघर्ष समाधान र मानवीय पीडाको अन्त्यमा सहयोग पुऱ्याउने उद्देश्य राख्छौं।' उनले गाजा र युक्रेनमा शान्ति प्रयासमा कतारले सक्रिय भूमिका खेलेको जानकारी दिएका छन्।

फोरम २०२५ मा विश्वप्रसिद्ध उद्यमी र माइक्रोसफ्टका संस्थापक बिल गेट्सले पनि विश्वव्यापी स्वास्थ्य प्रणाली मजबुत पार्न वित्तीय सहयोग र प्रविधिका प्रयोग आवश्यक रहेको बताए। उनले भने, 'भविष्यका स्वास्थ्य चुनौतीहरू सामना गर्न हामीले सामूहिक प्रयास गर्नुपर्छ र प्रणाली सुधारमा ध्यान दिनुपर्छ।'

दोहा फोरमले विश्वव्यापी व्यापार प्रणाली, अमेरिकी–चीन सम्बन्ध, प्रविधि र कृत्रिम बुद्धिमत्ताको प्रयोग तथा आर्थिक संरचना सुधारका विषयमा विचार आदानप्रदानको अवसर प्रदान गरेको छ। यस वर्षको फोरममा १६० भन्दा बढी देशका छ हजार सहभागी हुने अनुमान गरिएको छ।

फोरमका सत्रहरूले गाजा संकट, क्षेत्रीय र विश्वव्यापी मध्यस्थता, स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण, कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग तथा व्यापार र कूटनीतिक सम्बन्ध सुधारका उपायमा केन्द्रित बहस गरेको छ। फोरमले बहुपक्षीय कूटनीति, अन्तर्राष्ट्रिय सहयोग र जिम्मेवारी सुनिश्चित गर्न विश्वका नेताहरूलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण भूमिका खेलेको छ। *रासस⁄क्युएनए*

# अमेरिका–युक्रेनबीच सुरक्षा सहयोगको प्रारम्भिक ढाँचा तयार

**वासिङ्टन–** अमेरिकी विदेश मन्त्रालयले दुई दिनसम्म चलेका वार्तापछि संयुक्त राज्य अमेरिका र युक्रेनबीच सुरक्षा व्यवस्थासम्बन्धी प्रारम्भिक ढाँचा (फ्रेमवर्क) मा सहमति भएको जनाएको छ।

विज्ञप्तिअनुसार शान्तिका लागि विशेष दूत स्टिभेन विटकफ र जारेड कुशनरले युक्रेनका राष्ट्रिय सुरक्षा तथा रक्षा परिषद्का सचिव रुस्तेम उमेरोभ तथा जनरल स्टाफका प्रमुख जनरल अन्द्रिय ह्नातोभसँग रचनात्मक छलफल गरेका थिए। यी वार्ताहरू युक्रेनमा दिगो र न्यायोचित शान्ति स्थापित गर्न सम्भावित मार्ग पहिचान गर्ने उद्देश्यका साथ सम्पन्न भएका हुन्।

गत दुई हप्तामा यो समूहको छैटौं बैठक रहेको विज्ञप्तिमा उल्लेख छ। सचिव उमेरोभले युक्रेनको शीर्ष प्राथमिकता आफ्नो स्वतन्त्रता र सार्वभौमिकता सुरक्षित राख्ने, नागरिकहरूको सुरक्षा सुनिश्चित गर्ने र समृद्ध लोकतान्त्रिक भविष्य निर्माण गर्ने गरी समाधान खोजिनुपर्नेमा जोड दिए। बैठकमा अमेरिकन र रूसी प्रतिनिधिहरूबीच हालै सम्पन्न भेटका नतिजा पनि समीक्षा गरियो। साथै दुवै पक्षले दीर्घकालीन शान्ति कायम गर्न आवश्यक पर्ने प्रतिरोध क्षमतासहितको सुरक्षा व्यवस्थाको आधारभूत संरचनामा सहमति जनाए।

दुवै मुलुकले कुनै पनि वास्तविक प्रगति रूसको दीर्घकालीन शान्तिप्रति गम्भीर प्रतिबद्धता र तनाव घटाउने तथा हिंसा अन्त्य गर्ने ठोस कदममा निर्भर रहने कुरा स्वीकारे। यसबाहेक, दुवै पक्षले युक्रेनको युद्धपछिको पुनर्निर्माण, संयुक्त आर्थिक परियोजना तथा दीर्घकालीन पुनरुत्थान कार्यक्रम समेट्ने 'भविष्य समृद्धि एजेण्डा'बारे पनि छुट्टै छलफल गरेका थिए। विज्ञप्तिअनुसार वार्ताहरू शनिबार पनि जारी रहने छन्। प्रारम्भिक रिपोर्टअनुसार बैठकहरू मियामी, फ्लोरिडामा भएका थिए। *रासस⁄सिन्ह्वा*

# क्यानडाको श्रमबजारमा सुधार, ५४ हजार नयाँ रोजगार

**ओटावा–** क्यानडामा नोभेम्बर महिनामा कूल ५४ हजार व्यक्तिले रोजगारी पाएका छन्, जुन कूल रोजगारीमा ०.३ प्रतिशत वृद्धि भएको स्टाटिस्टिक्स क्यानडाले जनाएको छ।

मासिक विवरणअनुसार रोजगार दर ०.१ प्रतिशत बिन्दुले बढेर ६०.९ प्रतिशत पुगेको छ भने बेरोजगारी दर ०.४ प्रतिशत बिन्दुले घटेर ६.५ प्रतिशतमा आएको छ।

स्वास्थ्य सेवा तथा सामाजिक सहयोग, आवास तथा खाना–पानी सेवा र प्राकृतिक स्रोत क्षेत्रहरूमा रोजगारी वृद्धि देखिएको छ। तर थोक तथा खुद्रा व्यापार सेक्टरमा भने रोजगार घटेको उल्लेख गरिएको छ।

नोभेम्बरमा ७३.६ प्रतिशत कर्मचारीले आफ्नो रोजगारी सुरक्षित रहेको महसुस गरेका थिए, तर यो अनुपात नोभेम्बर सन् २०२३ को तुलनामा ४.१ प्रतिशत बिन्दुले कम रहेको स्टाटिस्टिक्स क्यानडाले जनाएको छ। *रासस⁄सिन्ह्वा*

**कोशी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, मोरङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८२/०८/२१**

यस कार्यालयको मिति २०८२/०६/२६ को PPMO e-procurement portal तथा राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसारको म्याद भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित आयोजना बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङकित र सारभूत रुपमा प्रभावकारी भई बोलपत्र स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन २०६३ (संशोधित) को दफा २७ (२) तथा जारी बोलपत्र सम्बन्धि कागजातको ITB 33.1 बमोजिम निजहरूले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract ID | Name of Project | Lowest Evaluated Responsive Bidder | Bid Price (With VAT & PS) NRs. |
|---|---|---|---|---|
| 1 | IDO/MOR/NCB/ RW-01/082-83 | Door and Window Installation work in Sant Neta Krishna Pd. Bhattarai Foundation Building, Biratnagar 4 | Dharmaraj Builders and Suppliers Pvt. Ltd. Madhyapur Thimi Muncipality-03, Bhaktapur | 32,56,631.82 |

**Office Chief**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २५२४०० | प्रति तोला - ० | प्रति तोला - ३५५५ |



बजार जाँदै सुन्तला | तनहुँको व्यास-१३ बेनीकोटमा उत्पादित सुन्तला बजार लैजान बगानबाट टिपेर ल्याउँदै स्थानीय । सुन्तला टिप्न यहाँका स्थानीय महिलालाई रोजगारी दिइएको छ ।

*तस्बिरः कृष्ण न्यौपाने/रासस*

## पोखरालाई गुल्जार बनाउने 'सडक महोत्सव'

**पोखरा–** तीन दशकअघि मङ्सिर-पुस महिनामा पोखराको लेकसाइड सुनसान हुन्थ्यो । नेपाल घुम्न आएका विदेशी पर्यटक क्रिसमस मनाउन स्वदेश फर्कने तयारीमा हुन्थे भने नेपालीमा खासै घुम्ने बानीको विकास भइसकेको थिएन ।

जाडोको मौसम व्यवसायीले 'अफ सिजन' भन्दै अन्त घुम्न जाने सोच बनाउँथे । कोही गोवा पुग्थे त कोही थाइल्याण्ड, तर अचेल समय बदलिएको छ। उही जाडो मौसम हो, तर अचेल यहाँको अवस्था भने नितान्त फरक छ। पर्यटन व्यवसायीलाई पात्रोमा अङ्ग्रेजी नयाँ वर्ष थपिँदा उत्साह पनि थपिन्छ। त्यसमा पोखरा सडक महोत्सवले रौनक थप्छ। यस वर्ष उक्त महोसत्वको २७ औं संस्करण हुँदैछ। आगामी २०८२ पुस १३ देखि १७ गतेसम्म (डिसेम्बर २८-जनवरी १) आयोजना हुने महोत्सवको तयारीमा रेष्टुरेण्ट एण्ड बार एसोसियसन नेपाल (रेवान) जुटीसकेको छ। विगतमा झैं यस संस्करणको सडक महोत्सवले पनि पोखरालाई 'गुल्जार' बनाउँदै छ।

आयोजकले महोत्सवलाई सभ्य, भव्य र व्यवस्थित बनाउन सरोकार भएकाहरूसँगको परामर्शलाई तीव्र बनाएका छन् । २७ वर्षअघि यस्तो महोत्सवको परिकल्पना गर्ने अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई भने आफ्नो पहलको निरन्तरताले मख्ख छन् । उनी भन्छन्, 'तीन दशकअघिसम्म जब डिसेम्बर लाग्थ्यो, विदेशीहरू क्रिसमस मनाउन घर फर्कन्थे र पोखराको लेकसाइड सुनसान हुन्थ्यो । त्यो समयमा 'अफ सिजन' भन्दै सटर तानेर हामी व्यवसायी पनि भारतको गोवा वा थाइल्याण्ड जाने प्रचलन थियो ।'

भट्टराई मनस्पटलमा अझै एउटा घटना ताजै छ । 'सन् १९९६ मा तत्कालीन राजा वीरेन्द्रले जाडोको समय लेकसाइडको सुनसानप्रति देखाएको चासो र गोवामा देखेको त्यो 'फुड एण्ड कल्चर' को महोत्सवले मेरो धारणा बदल्यो । जसको फलस्वरूप हामीले सन् १९९८ मा बसुन्धरा पार्कबाट वेटर रेस र हस्तकला प्रदर्शनीसहित एउटा प्रयासको थालनी गर्‍यौं । त्यो प्रयास २७औं संस्करणमा आइपुग्दा पोखराको 'ब्रान्ड' बनेको छ ।'

उनी सडक महोत्सवले विदेश जाने पर्यटकलाई पोखरामै रोकेर नयाँ वर्ष मनाउने वातावरण बनाएको र विदेशीसँगै नेपालीमा पनि घुम्ने बानीको विकास गराएको बताउँछन् । परिवर्तित समयसँगै महोत्सवलाई केवल नाचगान र खानपानमा सीमित नराखी जाति, धर्म संस्कृतिबीचको सहिष्णुता र सद्भावलाई विकास गर्दै कृषि, हस्तकला, प्रविधि र मौलिक उत्पादनलाई महोत्सवसँग जोडेर बृहत 'एक्स्पो' का रूपमा रूपान्तरण गर्नुपर्ने भट्टराईको धारणा छ ।

'महोत्सव भनेपछि मनोरञ्जन भन्ने कुरा ठान्ने गरिन्छ, तर हामीले विगतदेखि नै यसलाई बदल्ने प्रयास गरिरहेका छौं । स्थानीय उत्पादनदेखि विदेश निर्यात गर्ने सामग्रीलाई महोत्सवबाट प्रवर्द्धन गर्न सकिने र यसले समग्र राष्ट्रिय अर्थतन्त्रलाई नै चलायमान बनाउने हाम्रो विश्वास छ', उनले भने, 'सडक महोत्सव केवल रमाइलो मेला मात्र होइन, यो पोखराका पर्यटन व्यवसायीको सामूहिक एकता, दूरदर्शीता र अथक प्रयासको जीवित इतिहास हो ।' *रासस*

## नेपाल र चीन व्यापार प्रवर्द्धनमा सहकार्य गर्न इच्छुक





■ प्रभाव संवाददाता

**काठमाडौं–** चीनको ग्वाङदोङ प्रान्त सरकार र त्यहाँका साना तथा मझौला व्यवसायीले नेपालका व्यवसायीहरूसँग सहकार्य र व्यापार प्रवर्द्धनका लागि विशेष चासो देखाएका छन् । नेपाल भ्रमणमा रहेको ग्वाङदोङ प्रान्त सरकारका प्रतिनिधिमण्डलले संघीय तथा प्रदेश सरकारका मन्त्री र सचिवहरूसँग भेटेर साना तथा मझौला व्यवसाय प्रवर्द्धनका लागि सहकार्य गर्न इच्छुक रहेको बताएको छ ।

चीनको ग्वाङदोङ प्रान्तका उद्योग, सूचना तथा प्रविधि विभागका उपमहानिर्देशक वान सुपिङको नेतृत्वमा आएको टोलीले साना तथा मझौला व्यवसायी महासंघ नेपालको समन्वयमा बागमती प्रदेशका उद्योग मन्त्री विन्दु श्रेष्ठसँग भेट गरी सहकार्यको प्रस्ताव गरेको हो ।

उपमहानिर्देशक वान सुपिङले नेपाली व्यवसायीले उत्पादन गरेका सामग्रीलाई अन्तर्राष्ट्रियकरण गरी बजार प्रवर्द्धनका लागि उपयुक्त अवसर प्रदान गर्न आफूहरू तयार रहेको बताए । उनले साना तथा मझौला व्यवसायीको विकास तथा विस्तारमा सहकार्य गर्न सधैँ तयार रहेको प्रतिबद्धता जनाए ।

चिनियाँ टोलीले बागमती प्रदेशको स्वास्थ्य मन्त्रालय र संघीय सरकारको उद्योग मन्त्रालयका उच्च अधिकारीहरूसँग पनि भेटघाट गरेको थियो । टोलीमा उद्योग सूचना तथा प्रविधि विभागका उपमहानिर्देशक फान गुवालियाङ, चीनको अन्तर्राष्ट्रिय एसएमई मेलाका उपनिर्देशक हुआङ जिआनजुन लगायतका सदस्यहरू सहभागी थिए ।

साना तथा मझौला व्यवसायी महासंघ नेपालका पदाधिकारी तथा व्यवसायीहरूसँगको छलफलका क्रममा उपमहानिर्देशक वान सुपिङले नेपाली व्यवसायीले उत्पादन गर्ने सामानको माग चीनमा अत्याधिक रहेको भन्दै बजार विस्तारमा सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले दुई देशबीचको व्यवसाय प्रवर्द्धनका साथै सीप तथा प्रविधि आदानप्रदान मा पनि चासो राखे। उनले नेपाली व्यवसायीलाई उत्पादन सामग्रीको बजार विस्तारसँगै प्रविधि तथा सीप मेलामा सहभागी हुन आह्वान समेत गरे।

उक्त अवसरमा महासंघका अध्यक्ष इनु पौडेलले नेपाली व्यवसायीलाई चीनका औद्योगिक मेलामा विशेष प्राथमिकता दिएर सहभागीताका लागि सहजीकरण गर्न आग्रह गरे । चिनियाँ टोलीले छलफलपछि नेपाली व्यवसायीका उत्पादन सामग्रीको अवलोकन गर्नुका साथै ललितपुरको पाटनस्थित औद्योगिक क्षेत्रको पनि भ्रमण गरेको थियो ।

## 'कृषकलाई मौसमले ठग्दो रहेछ'

**दमौली (तनहुँ)–** 'पाँच वर्ष कतारमा काम गरेँ, त्यहाँ बस्दा सन्तुष्ट थिइन, अहिले घरमै बसेर सुन्तलाखेती गरिरहेको छु', व्यास नगरपालिका-१३ बेनीकोटका लेखबहादुर थापाले भने, 'सुन्तलाखेतीबाटै घर खर्च चलाउन सहयोग पुगेको छ ।'

छुट्टीमा घर आउँदा अरुले सुन्तला बेचेरै मनग्य आम्दानी गरेको देखेपछि आफू पनि सुन्तलाखेतीमा लागेको उहाँको भनाइ छ । विदेश गए पनि दुःख गर्नुपर्ने तर त्यही दुःख स्वदेशमै गर्नसके केही होला की भनेर सुन्तलाखेतीमा लागेको थापाले बताए ।

थापाले विदेशमा गएर परिश्रम गर्नुभन्दा स्वदेशमै पसिना बगाउन सके यहीँ आत्मसन्तुष्टि मिल्ने सुझाव दिए । उनले भने, 'मैले यस वर्ष रु तीन लाख ७० हजारको सुन्तला बिक्री गरेको छु। मेरो २५० बोट सुन्तला रहेको छ। यसलाई अझै विस्तार गर्नसके आम्दानी बढाउन सकिनेछ।'

थापाले यस वर्ष बेनीकोटमा सुन्तलामा रोग लागेका कारण उत्पादन कमी भएको गुनासो गरे । उनले भने, 'यहाँका केही ठाउँमा सुन्तलाका के रोग लाग्यो, बोट नै मर्न थाल्यो । कृषि ज्ञान केन्द्रबाट पनि आउनुभएको थियो, तर के रोग लाग्यो थाहा पाउन सकिएन ।' कृषक गिरबहादुर आले पनि वैदेशिक रोजगारीबाट फर्किएर सुन्तलाखेती गरिरहेका छन् । उनले भने, 'विदेश भने पनि सबैको राम्रो कमाइ



हुँदैन, विदेशमा गएर उमेर कटाउनुभन्दा सुन्तलाखेतीमा लाग्नुभन्दा केही राम्रो होला भनेर यसमै लागेको छु।' उनले यस वर्ष साढे तीन लाख बढीको सुन्तला बिक्री गरेको जानकारी दिए ।

उनले विगतका वर्षभन्दा यस वर्ष सुन्तलामा उत्पादन कमी भएको उल्लेख गरे । उनले भने, 'जरो कुहिने रोग लाग्यो, जलवायु परिवर्तनको कारण हो की के हो । कृषकलाई मौसमले पनि ठग्दो रहेछ ।'

अगुवा कृषक दलबहादुर थापाले यस वर्ष रु १६ लाखको सुन्तला बिक्री गरेको बताए । उनले अघिल्लो वर्ष रु १३ लाखको सुन्तला बिक्री गरेका थिए । उनका अनुसार यहाँका १०० भन्दा बढी कृषक सुन्तलाखेतीमा लागेका छन् । यहाँका कृषकको मुख्य आम्दानी नै सुन्तला हो । उनले भने, 'विगत केही वर्षदेखि यहाँका सुन्तला बोट मर्दै जान थालेको छ । कृषि प्राविधिक आएर हेरेर औषधि पनि सिफारिस गर्नुभयो, तर सुधार भएको छैन ।' थापाका अनुसार यहाँ उत्पादित सुन्तला काठमाडौं कालीमाटीमा बिक्री गरिन्छ । बजारीकरणको कुनै समस्या नरहेको बताउँदै उनले भने, 'प्रतिकेजी सुन्तला रु रु १०० सम्म बिक्री हुने गरेको छ । विगतका वर्षमा रु ९५ सम्म बेच्थ्यौं, यो वर्ष मूल्य केही बढी पाएका छौं ।'

भिरालो जग्गा रहेकाले यहाँ अन्य खेती गर्न समस्या भएपछि कृषकहरू सुन्तलाखेतीमा लागेको उनले जानकारी दिए । उनले भने, 'मकै, कोदोखेती गर्न त मिल्छ, तर सुन्तला लगाउनका लागि उपयुक्त रहेकाले सबैजना सुन्तलाखेतीमै आबद्ध हुनुहुन्छ ।'

यहाँका कृषकले कम्तीमा २० देखि ८०० सम्म सुन्तलाका बोट लगाएका छन् । मङ्सिर महिनामा धान भित्र्याउने समय भए पनि यहाँका कृषकको मुख्य आम्दानीको स्रोत सुन्तला भएकाले कृषक यतिबेला सुन्तला टिप्न र बिक्री गर्न व्यस्त छन् । बेनीकोटका १०० घर सुन्तलाखेतीमा आबद्ध छन् । यहाँका कृषकले रु २० हजारदेखि रु १६ लाखसम्म आम्दानी गर्ने गरेका छन् । यहाँ प्रत्येक वर्ष कात्तिकदेखि मङ्सिर महिनामा सुन्तला टिपेर बिक्री गर्ने गरिन्छ । कृषक आफैँले सुन्तला बिक्री गर्नुपर्दा व्यास नगरपालिकाले प्रतिक्रेट रु दश कर लिने गरेको कृषकको गुनासो छ । *रासस*

## तनहुँमा दूध उत्पादनमा वृद्धि

**दमौली (तनहुँ)–** पशुपालनमा कृषकको आकर्षण बढेसँगै तनहुँमा दूध उत्पादनमा वृद्धि भएको छ । जिल्लाका स्थानीय तथा भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले अनुदानको कार्यक्रम ल्याएपछि कृषक पशुपालनतर्फ आकर्षित भएका छन् । त्यसकारण जिल्लामा दूध उत्पादनमा वृद्धि भएको छ ।

▶▶ **आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ७४ हजार ७५५ मेट्रिकटन दूध उत्पादन भएको कार्यालय प्रमुख रविनसन अधिकारीले जानकारी दिए । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ७३ हजार ५७२ मेट्रिकटन दूध उत्पादन भएको थियो । उनका अनुसार एक हजार १८२ मेट्रिकटन दूध उत्पादनमा वृद्धि भएको छ ।**

आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ७४ हजार ७५५ मेट्रिकटन दूध उत्पादन भएको कार्यालय प्रमुख रविनसन अधिकारीले जानकारी दिए । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ७३ हजार ५७२ मेट्रिकटन दूध उत्पादन भएको थियो । उनका अनुसार एक हजार १८२ मेट्रिकटन दूध उत्पादनमा वृद्धि भएको छ ।

जिल्लाभर १३ हजार ९९२ दुधालु गाई, २१ हजार ५०३ दुधालु भैंसीको संख्या रहेको कार्यालयले जनाएको छ । दुधालु गाईको संख्या ३०४ र भैंसीको संख्या २६१ ले वृद्धि भएको छ ।

यस्तै जिल्लामा ऊन उत्पादनसमेत वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ मा २८९ किलो ऊन उत्पादन भएको छ । आर्थिक वर्ष २०८०/८१ मा २७३ किलो ऊन उत्पादन भएको थियो । जिल्लामा भेडाको संख्या ७२३ रहेको छ ।

तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर छ । प्रतिव्यक्ति ९१ लिटर दूध आवश्यकता पर्नेमा ११८ दशमलव ५४ लिटर उपलब्धता रहेको अधिकारीले बताए । त्यस्तै प्रतिव्यक्ति १४ किलो मासु आवश्यक पर्नेमा १४ दशमलव ४१ किलो उपलब्धता रहेको छ । अण्डा ४८ गोटा आवश्यक पर्नेमा ८३ गोटा उपलब्धता छ । दूधमा २७ दशमलव ५४ लिटर, मासुमा शून्य दशमलव ४१ किलो र अण्डामा ३५ गोटाले बढी छ । माछामा भने तनहुँ आत्मनिर्भर बन्न सकेको छैन । प्रतिव्यक्ति सात किलो माछा आवश्यक पर्नेमा शून्य दशमलव २८ किलो मात्रै उपलब्धता छ ।

कार्यालयले दुग्ध उत्पादक कृषकलाई रु ९७ लाख ४१ हजार ५३४ अनुदान वितरण गरेको छ। दुग्ध उत्पादक कृषकलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यसहित कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ११ सहकारीमार्फत उक्त रकम वितरण गरेको हो ।

केन्द्रमार्फत दूधमा अनुदान वितरण कार्यक्रम दोब्बरले वृद्धि भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा कृषकलाई रु ४३ लाख ७३ हजार अनुदान वितरण गरिएको थियो । अधिकारीले उत्पादनका आधारमा अनुदान दिने नीतिले दुग्ध उत्पादनतर्फ कृषक आकर्षित भएको जानकारी दिए । उनले भने, 'दुग्ध उत्पादनमा कृषकलाई आकर्षित गराउने उद्देश्यसहित प्रतिलिटर रु तीनका दरले अनुदान वितरण गरेका छौं ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ